
# लेखापरीक्षण प्रतिवेदन

# बर्दघाट नगरपालिका, नवलपरासी

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## बर्दघाट नगरपालिका, नवलपरासी

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/457

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
बर्दघाट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
नवलपरासी बर्दघाट सुस्ता पश्चिम।

**कैफियतसहितको राय**

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

**१.** नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा भत्ता वितरण रु.२९ करोड ६७ लाख १२ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.२६ लाख ४० हजार र पर्यटन पूर्वाधार विकास योजना कार्यक्रमको रु.५८ लाख २४ हजार समेत गरी रु.३० करोड ५१ लाख ७६ हजार एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन।

**२.** नगरपालिकाको रु.२ अरव १५ करोड ३८ लाख १९ हजारको लेखापरीक्षण गरिएकोमा रू.५ करोड ७० लाख २० हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.२ करोड ४६ लाख ५७ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु.३ करोड २९ लाख ५५ हजार मध्ये असुल गर्नुपर्ने रू.८ लाख ८७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४३ लाख २४ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ७७ लाख ३७ हजार र पेस्की बाँकी रु.७ हजार रहेको छ। गत वर्षसम्म रु.१४ करोड ४४ लाख ३२ हजार वेरूजु रहेकोमा रु.१ करोड ४२ लाख ५९ हजार संपरीक्षण भई रु.१३ करोड १ लाख ७३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१६ करोड ३१ लाख २८ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकालाई नेपाल सरकारबाट प्राप्त ससर्त अनुदान रू.२९ करोड ८३ लाख ५० हजार, समपुरक अनुदान रू.४६ लाख ६ हजार समेत रू.३० करोड २९ लाख ५६ हजार प्राप्त भएकोमा बर्षान्तमा खर्च हुन नसकि रु.१ लाख ६० हजार बचत रहेकोमा उक्त रकम आर्थिक बर्ष २०८१।८२ मा सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको छ ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने बर्दघाट नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यस बर्दघाट नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी बर्दघाट नगरपालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५८ | ६० | ५७०२० | ४ | ३३ | २४६५७ | ५९२ | ५४ | २७ | ३२९५५ | ८८७ | २७७३७ | ४३२४ | ० | ० | ३२०६१ | ७ |

### अद्यावधिक बेरुजू स्थिति

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नवलपरासी बर्दघाट सुस्ता पश्चिम | १४४४३२ | ० | १४२५९ | १३०१७३ | ० | ३२९५५ | १६३१२८ |

बेरुजु सम्परीक्षणको विवरण

| क.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ७४ | स्वास्थ्य सेवाको कर्मचारी तलव | ४५२८३०२.० |
| २ | २०८०/८१ | ४६ | समायोजन ग्रेड | ४९२८८८.० |
| ३ | २०८०/८१ | २६ | शित भण्डार | २७९९४२.० |
| ४ | २०८०/८१ | ७३ | शहिद स्मृति अस्पतालमा कार्यरत कर्मचारी | ५९२०००.० |
| ५ | २०८०/८१ | ६१ | राष्ट्रिय शिक्षा नीतिको पालना | ०.० |
| ६ | २०८०/८१ | ६८ | बढी भुक्तानी | ५५६८३.० |
| ७ | २०८०/८१ | ५८ | प्रज्ञा प्रतिष्ठान अनुदान | १४०००००.० |
| ८ | २०८०/८१ | ७९ | पेश्की बाँकी | १६६२०००.० |
| ९ | २०८०/८१ | ४३ | नविकरणीय उर्जा | ७९९२२४.० |
| १० | २०८०/८१ | २४ | धरौटी फिर्ता | ४१८२२१.० |
| ११ | २०८०/८१ | ५० | ठेक्का मुचुल्का खोल्दा भत्ता | ५२०००.० |
| १२ | २०८०/८१ | ३६ | झोलुङ्गे पुल | ४०९४५०.० |
| १३ | २०८०/८१ | २७ | कृषि उपज संकलन केन्द्र | १७५०००.० |
| १४ | २०८०/८१ | ३८.२ | कन्चनगढी पर्यटन क्षेत्र विकास कार्यक्रम | ८८०५६८.० |
| १५ | २०८०/८१ | ३३.२ | आय विश्लेषण | १२९००००० |
| १६ | २०७९/८० | ४२ | स्वकीय सचिव | १०६२६६०.० |
| १७ | २०७९/८० | ५६ | शीर्षक फरक पारी खर्चः | १२९७३११.० |
| १८ | २०७९/८० | ३८ | मू.अ.कर बीजक बिना खरिद | ३८६३७०.० |
| १९ | २०७९/८० | ६४ | प्रशिक्षण | २९०२९००.० |
| २० | २०७९/८० | ४१ | परामर्श खर्च | ४९५०००.० |

| | | | | |
|---|---|---|---|---|
| २१ | २०७९/८० | ४३ | दैनिक ज्यालादारीमा कर्मचारी भर्ना | ४१३७४२.० |
| २२ | २०७९/८० | ७५ | तराई मधेश समृद्धि कार्यक्रम | १२९९५११.० |
| २३ | २०७९/८० | ३४ | ईन्धन सुविधा | १४१०१५.० |
| २४ | २०७९/८० | ६६ | अनुदान | १००००००.० |
| २५ | २०८०/८१ | ९ | प्रगति | ०.० |
| २६ | २०८०/८१ | १८ | दायित्व भुक्तानी | १२०४८.० |
| २७ | २०८०/८१ | १७ | जिन्सी निरीक्षण | ०.० |
| २८ | २०७९/८० | २९ | कर्मचारी व्यवस्था | ५२६०४२९.० |

**लेखापरीक्षण बक्यौताको विवरण**

| कार्यालय कोड | कार्यालयको नाम |
|---|---|
| यस पालिकाको लेखापरीक्षण बक्यौता नरहेको । | |

# (८०५४७४०१३०० - बर्दघाट नगरपालिका, नवलपरासी )

# परिचय

१ **परीचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा १६ वडा १८०.९८ वर्ग किलोमिटर क्षेत्रफल तथा ७६७०३ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।१०।१२ देखि २०८१ ।१०।१६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय-व्ययतर्फ रु.२ अरव १५ करोड ३८ लाख १९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

२ **वित्तिय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ ।

क. सुत्र अनुसार २७० ले देखाएको आय व्ययको विवरण निम्नानुसार छ ।

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
|---|---|---|---|---|---|
| आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | २०,७४,९७,०१६.७० | २०,७४,९७,०१६.७० | २०,०७,२१,६३७.१६ | २०,०७,२१,६३७.१६ |
| १३००० | अनुदान | ५०,१२,३८,५५१.५६ | ५०,१२,३८,५५१.५६ | ५४,९२,३६,७१३.९३ | ५४,९२,३६,७१३.९३ |
| १४००० | अन्य राजस्व | ४,५९,७९,५७०.९४ | ४,५९,७९,५७०.९४ | ६,०७,८८,४०९.६० | ६,०७,८८,४०९.६० |
| १५००० | विविध प्राप्ति | २५,८८,०३३.०० | २५,८८,०३३.०० | ३३,४७,४५२.०० | ३३,४७,४५२.०० |
| क | कुल जम्मा प्राप्ति | ७५,७३,०३,१७२.२० | ७५,७३,०३,१७२.२० | ८१,४०,९४,२१२.६९ | ८१,४०,९४,२१२.६९ |
| | चालु | ५०,५८,६०,४५१.८९ | ५०,५८,६०,४५१.८९ | ४९,६४,३५,९९२.५६ | ४९,६४,३५,९९२.५६ |
| २१००० | पारिश्रमिक / सुविधा | ३०,३८,३९,२३४.४३ | ३०,३८,३९,२३४.४३ | २९,२१,१९,६४५.८६ | २९,२१,१९,६४५.८६ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १६,०८,१२,४९४.४६ | १६,०८,१२,४९४.४६ | १५,७९,५५,११७.८० | १५,७९,५५,११७.८० |
| २५००० | सहायता (Subsidy) | ३,०७,३१,९८४.०० | ३,०७,३१,९८४.०० | ३,७१,८५,२१२.०० | ३,७१,८५,२१२.०० |
| २७००० | सामाजिक सुरक्षा | ८७,१०,४१३.०० | ८७,१०,४१३.०० | ७३,४७,३७९.९० | ७३,४७,३७९.९० |
| २८००० | अन्य खर्च | १७,६६,३२६.०० | १७,६६,३२६.०० | १८,२८,६३७.०० | १८,२८,६३७.०० |
| | पूंजीगत | २७,९९,८६,६०१.०० | २७,९९,८६,६०१.०० | ३०,४७,८१,३१४.८९ | ३०,४७,८१,३१४.८९ |
| ३१११० | भवन तथा संरचना | २,९४,३१,७५६.०० | २,९४,३१,७५६.०० | ४,८५,१४,६९७.०० | ४,८५,१४,६९७.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १,५३,४४,४५२.०० | १,५३,४४,४५२.०० | १,५३,५७,७११.०६ | १,५३,५७,७११.०६ |
| ३११३० | अन्य पूँजीगत खर्च | २,१६,८३,९६५.०० | २,१६,८३,९६५.०० | २,९८,७३,२७७.०० | २,९८,७३,२७७.०० |
| ३११४० | सुरक्षा उपकरण | ७,८६,०८३.०० | ७,८६,०८३.०० | ० | ० |
| ३११५० | सार्वजनिक निर्माण | २०,९७,१२,८८४.०० | २०,९७,१२,८८४.०० | २०,५८,४५,६६७.८३ | २०,५८,४५,६६७.८३ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | २२,०८,१०९.०० | २२,०८,१०९.०० | ५१,३९,९६२.०० | ५१,३९,९६२.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ६,०९,७४७.०० | ६,०९,७४७.०० | ० | ० |
| ३१३१० | बहुमूल्य सामानहरु | २,०९,६०५.०० | २,०९,६०५.०० | ५०,०००.०० | ५०,०००.०० |
| | वित्तीय | ० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | ७८,५८,४७,०५२.८९ | ७८,५८,४७,०५२.८९ | ८०,१२,१७,३०७.४५ | ८०,१२,१७,३०७.४५ |
| ग) | बचत /कमी (ग = क-ख ) | (२,८५,४३,८८०.६९) | (२,८५,४३,८८०.६९) | १,२८,७६,९०५.२४ | १,२८,७६,९०५.२४ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका कोषको मौज्दात | (४९,९०,७६७.२५) | (४९,९०,७६७.२५) | (३,९५,६८,६८२.००) | (३,९५,६८,६८२.००) |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | -१२,०४८.७५ | -१२,०४८.७५ | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात | (३,३५,३४,६४७.९४) | (३,३५,३४,६४७.९४) | (२,६६,९१,७७६.७६) | (२,६६,९१,७७६.७६) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | १७,५०,३८,३४९.०९ | १७,५०,३८,३४९.०९ | २०,१७,३०,१२५.८५ | २०,१७,३०,१२५.८५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात | १४,१५,०३,७०१.१५ | १४,१५,०३,७०१.१५ | १७,५०,३८,३४९.०९ | १७,५०,३८,३४९.०९ |

ख. संघिय सरकार र प्रदेश सरकार तर्फको **C-GAS**मार्फत आम्दानी र खर्चको आय व्यय विवरण निम्नानुसार रहेको छ।

| सि.नं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | सामाजिक सुरक्षा भत्ता वितरण | २९६७११७३४।७४ | १ | सामाजिक सुरक्षा भत्ता वितरण | २९६७११७३४।७४ |
| २ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २६४००००।- | २ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २६४००००।- |
| ३ | पर्यटन पूर्वाधार विकास योजना | ५८२४३०७।- | ३ | पर्यटन पूर्वाधार विकास योजना | ५८२४३०७।- |
| | जम्मा | ३०५१७६०४१।७४ | | जम्मा | ३०५१७६०४१।७४ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **फरक जिम्मेवारी**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । पालिकाको महालेखापरीक्षकको आर्थिक बर्ष २०७९।०८० को प्रतिवेदन अनुसार अन्तिम मौज्दात रु.१७७५११७११।१४ रहेको देखिन्छ । तर पालिकाले यो वर्षको सूत्रको २७० मा गत बर्षको मौज्दात अ.ल्या. रु.१७५०३८३४९।०९ मात्रै प्रविष्टि गरेको पाईएकोले रु.२४७३३६२।०५ को फरक देखिएको छ । यसरी कम रकम जिम्मेवारी सारेको देखिएकोले सो रकमको सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।

४ **खर्च बिश्लेषण**

खर्च बिश्लेषणः पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.७९८११११४।६०।-राजस्व बाँडफाँडबाट रु. १७६२५३५०६.०४, गत बर्षको मौज्दात रु. १७५०३८३४९।०९ र अनुदानबाट रु.८०४०७७६१६।-समेत रु. १२३५१८०५८५।६३ आम्दानी भएकोमा चालु तर्फ रु. ८०५२१२१८६।६३ र पूँजिगत तर्फ रु. २८५८१०९०८।–र अन्य खर्च रु. २६५३७८९।८५ समेत रु. १२३५१८०५८५।६३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६.४६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.२१६७८०००।-खर्च भएको छ जुन आन्तरिक आयको २७.१६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६५.१८ प्रतिशत चालु र २३.१४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

| | | | | **(रु.हजारमा)** |
|---|---|---|---|---|
| **सि.नं.** | **खर्च शिर्षक** | **२०७९।८० को खर्च** | **२०८०।८१ को खर्च** | **वृद्धिको कारण** |
| १ | करारका कर्मचारीको खर्च | ४१४२००० | ३९९५००० | करारमा कर्मचारी थप |
| २ | वैंठक/तालिम/गोष्ठिभत्ता | ३५५७१४ | ८६६२५ | कार्यक्रमहरू थप भएकोले |
| ३ | इन्धन | ४१३८००० | ३७१३००० | सवारी साधनमा बृद्धि |
| ४ | मसलन्द | ११२५००० | ११३६००० | सेवा विस्तार/कर्मचारी वृद्धि |
| ५ | विविध | ३९४९००० | २९३१००० | खर्च नियन्त्रण |

५ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण रु.२९६७११७३४।७४, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.२६४००००।-र पर्यटन पूर्वाधार विकास योजना कार्यक्रमको रु.५८२४३०७।-समेत गरी रु.३०५१७६०४१।७४ ¬एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

६ **त्रैमासिक खर्च**

कार्यालयको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल खर्चको तुलनामा प्रथम र दोस्रो त्रैमासिकमा १८ प्रतिशत, तेस्रो त्रैमासिकमा २८.६३ तथा चौथो त्रैमासिकमा ५३.३७ प्रतिशत खर्च गरेको देखिन्छ । कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र २१.७३ प्रतिशत खर्च गरेको छ । शिर्षकगत त्रैमासिकमा खर्च निम्नानुसार रहेको छ।

| **( रकम रु. हजारमा)** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **क्र.स** | **बजेट** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिना** |
| | | | **प्रथमत्रैमासिक** | **दोस्रोत्रैमासिक** | **तेश्रोत्रैमासिक** | **चौथो त्रैमासिक** | |
| १ | पूँजीगत खर्चतर्फ | २७९९८६ | ४२६२ | ४६२०२ | ८०१०० | १४९४२२ | ८१५८८ |
| २ | प्रतिशत | १०० | १.५ | १६.५० | २८.६३ | ५३.३७ | २१.७३ |

वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ५३.३७ प्रतिशत तथा आषाण महिनामा २१.७३ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

७ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | ८७१५४९०० | ५९८१३६३२ | ६८.६२ |
| २ | पूर्वाधारविकास | २४७०३२०९१ | १९७७८५४९३ | ८०.०६ |
| ३ | सामाजिक विकास | ४१२३७४२५० | ३७१०७८५९१.१६ | ८९.९८ |
| ४ | संस्थागतविकास, सेवा प्रवाह र सुशासन | ४०८४२००० | १५२२००७७ | ९९.८५ |
| ५ | अन्यकार्यालय सञ्चालन तथा प्रशासनिक | **१६२६४१७५९** | **१४१९४९२५९.७३** | **८७.२७** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये संस्थागत विकास, सेवा प्रवाह र सुशासन विकासमा सबैभन्दा बढी ९२.२४ प्रतिशत र आर्थिक विकास क्षेत्रमा सबै भन्दा घटीमा ३९.५ प्रतिशत रहेको छ ।

८ **योजनाको प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र

वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार पालिकास्तरका कुल ५२५ योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाख माथिका योजना सङ्ख्या** | **रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु.५लाख भन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ५२५ | १८ | ८७ | ४२० |

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ४८७ योजनामात्र कार्यान्वियन भई ३८ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले प्रतिफलमुखी र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वियन गर्नुपर्दछ।

## ९ **प्रगति**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

## १० **योजना तथा वजेट कार्यान्वियन**

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.२९ करोड ९९ लाखको खरिद गुरुयोजना बेगर गरेको छ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु.७ करोड ३४ लाख ७ हजार मिति २०८०।१०।९ मा रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ७.८५ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन। साथै रकमान्तर गरेको रकम मध्ये देहायका १० योजनामा रु.१५००३०००।-खर्च गरेको छैन। कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वियनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | योजना /कार्यक्रम | खर्च नभएको वजेट |
|---|---|---|
| १ | दलितसमुदायलाइ सिप कला तथा क्षमता वृद्धि तालिम सन्चालन | २००००० |
| २ | सिचाइकार्यक्रम | ३२५०००० |
| ३ | दाउन्नेचोक बाटो ढलान | २००००० |
| ४ | कोटाहाशिवालय मन्दिर देखी पश्चिम जाने बाटो स्तरोन्नती वडा न ७ | ३००००० |
| ५ | जनताकोलागत सहभागिता सं्कलन | १४३०००० |
| ६ | वडाकार्यालय भवन निर्माण (७ स्थानमा) | ३३९३००० |
| ७ | स्थानीयपाठ्यपुस्तक छपाइ | ४३०००० |
| ८ | सहकार्यमाआधारित युवा स्वरोजगार कार्यक्रम | ५०००००० |
| ९ | कृर्षिबाटो तथा वडा भरी बाटो ग्राभेल र आवश्यता अनुसार कल्भर्टनिर्माणवडा नं्-६ | ३००००० |
| १० | तरकारीविकास कार्यक्रम | ५००००० |
| | **जम्मा** | **१५००३०००** |

## ११ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत आ.वमा फछर्यौट गर्न बाँकी २७ यसवर्ष मुद्दा दर्ता भएको १७० भएकोमा १६२ वटा मात्र फर्स्यौट भई ३५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## १२ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म वटा ३८ ऐन, ४ वटा नियमावली, ६४ कार्यविधि लगायत १०६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोमा छ। तसर्थ आवश्यकताको आधारमा कानून निर्माण गरी राजपत्रमा प्रकाशन गरि पुर्णरुपमा कार्यान्वयनमा ल्याउनु पर्दछ ।

## १३ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४३ वटा सहकारी मध्ये पालिकाको क्षेत्राधिकारको २३ वटा संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## १४ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.६ करोड प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।०८१ मा रु.७ करोड ९८ लाख ११ हजार अर्थात अनुमान भन्दा ३३ प्रतिशत बढी आय प्राप्त गरेको छ । पालिकाले आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| सि.नं. | राजश्वको नाम | २०७९।८० को असूली | २०८०।८१ को असूली | वढि/घटि |
|---|---|---|---|---|
| १ | ११३१३ सम्पती कर | ४४३४२३९.७५ | ५१८२१२६.५८ | ७४७८८६.८३ |
| २ | ११३१४ - भुमिकर/मालपोत | ४८३९३७९.८५ | ८६४८६८२.१९ | ३८०९३०२.३४ |
| ३ | ११३१७ - वहाल कर | ९३०१५५३.१९ | ९८४११९५.१५ | ५३९६४१.९६ |
| ४ | ११३१८ - वहाल विटौरी कर | ९६२६८३६.९५ | ११४७१४६६.१५ | १८४४६२९.२० |
| ५ | ११४५१ - सवारी साधन कर (साना सवारी) | ५९०७००.०० | २९१९५०.०० | (२९८७५०.००) |
| ६ | ११४७९ - अन्य मनोरञ्जन कर | | १६१४००.०० | १६१४००.०० |
| ७ | ११६११ - व्यवसायले भुक्तानी गर्ने | | १७५०.०० | १७५०.०० |
| ८ | ११६३२ - अखेटोपहारमा लाग्ने कर | ११६२८.०० | ०.०० | (११६२८.००) |
| ९ | ११६९१ - अन्य कर | १३०८९०८.४९ | २९४३८९.५५ | (१०१४५१८.९४) |
| १० | १४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | | २००.०० | २००.०० |
| ११ | १४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम | | १००००.०० | १००००.०० |
| १२ | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | १९४२७०.०० | १२७२३१.०० | (६७०३९.००) |
| १३ | १४२२१ - न्यायिक दस्तूर | ४१६७०.०० | ३३१००.०० | (८५७०.००) |
| १४ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | | ५८१३८०.२५ | ५८१३८०.२५ |
| १५ | १४२४१ - पार्किङ्ग शुल्क | ३०४४१०.०० | ०.०० | (३०४४१०.००) |
| १६ | १४२४२ - नक्सापास दस्तुर | १२४४५७२.४१ | १५८३९९६१.६० | १४५९५३८९.१९ |
| १७ | १४२४३ - सिफारिश दस्तुर | १४४२७४१७.७७ | १६१८८०८४.१३ | १७६०६६६.३६ |
| १८ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | | १०५३५२६.०० | १०५३५२६.०० |
| १९ | १४२४५ - नाता प्रमाणित दस्तुर | ३०५५५.०० | ०.०० | (३०५५५.००) |
| २० | १४२४९ - अन्य दस्तुर | १८८३२७४ | १८१३५६५.९६ | (६९७०८.०४) |
| २१ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३२७८४१०.०० | ५८९२८५.०० | (२६८९१२५.००) |
| २२ | १४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत | २४३०५२१.०० | १०४५०५०.०० | (१३८५४७१.००) |
| २३ | १४५२९ - अन्य राजस्व | | ३३७३६३.०४ | ३३७३६३.०४ |
| २४ | १४६११ - व्यवसाय कर | | ३७,११,३७५.०० | ३७११३७५.०० |
| २५ | १५१११– बेरूजु | ३३४७४५२.०० | २५८८०३३.०० | (७५९४१९.००) |
| | **जम्मा** | **५७२९५७९८.४१** | **७९८११११४.६०** | |

## १५ आय ठेक्का

बर्दघाट नगरपालिकाको सार्वजनिक खरिद नियमावली,, २०७९ को नियम १४१(१) मा आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोवस्त गर्दा असुल गर्नुपर्ने किस्ताको अङ्ग निर्धारण ठेक्का सम्बन्धी सूचना र बोलपत्रमा उल्लिखित असुली कार्यतालिका र अन्य शर्त बमोजिम हुने तथा यसरी कार्यतालिका बनाउँदा राजस्व उठ्ने सम्भाव्य समय र भुक्तानी गर्ने किस्ताको समय मिलान भएको र किस्ताहरु बीचको समयान्तर चार महिनाभन्दा बढी नभएको हुनु पर्ने उल्लेख छ । पालिकाले यस बर्ष ठेक्का लगायका देहायको आय ठेक्काहरूमा चार महिना भन्दा बढीको अन्तरको किस्ता बुझाउने समयको अन्तर रहेको तथा प्रथम किस्ता सम्झौता अवधि २०८०।४। १० मा बुझाएकोमा दोस्रो किस्ता २०८१ जेष्ठ मसान्त भित्रमा बुझाउनुपर्ने अन्यथा कुन बमोजिम जरिवाना लाग्ने गरी सम्झौता गरेकोमा दोस्रो किस्ता समयमा नबुझाई देहाय अनुसार ढिला बुझाएको पाईयो । यसरी ढिला बुझाएकोमा लागने जरीवाना समेत असुल हुनुपर्नेमा कार्यालयले असुल गरेको देखिएन । अतः नियमानुसार लाग्ने जरिवाना रु.७१८०३।सम्वन्धितबाट असुल हुनुपर्दछ, रु.

| क्र.सं | ठेक्काको नाम | फर्म | सकार मूल्य | बुझाउन वाँकि | बुझाएको | जरीवाना |
|---|---|---|---|---|---|---|
| १ | बधवारे साप्ताहिक हाट | अनिशा कन्सट्रक्सन | ७१८४१४।४५ | ३१२५११ | २०८१।४।२ | ३१२५१ |
| २ | बर्दघाट पार्किङ्ग शुल्क वडा नं-४ | अनिशा कन्सट्रक्सन | ९३२२५०।- | ४०५५२९ | २०८१।४।२ | ४०५५२ |
| | | | | | **जम्मा** | **७१८०३** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७१,८०३ |

## १६ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी नगरसभाको आधारमा बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रम रु.४७ लाख ४५ हजार खर्च गरेको छ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो। ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.२३ लाख २ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.३१ लाख २५ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुद्धढ वनउनु पर्ने देखिन्छ ।

१७ **जिन्सी निरीक्षण**

....

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

१८ **दायित्व भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१९ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेसगर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.१५६७००००।-अबण्डा बजेट व्यवस्था गरी २९ योजनामा रु.१४७८८०००।-खर्च गरेको छ। पालिकाले यसबर्ष अबण्डामा बजेट राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। तसर्थ पालिकाले योजना अनुसार नै बजेट व्यवस्थापन गरी खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

२० **तलवी प्रतिवेदन**

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उप दफा ४ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | कार्यालयले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई कर्मचारीको रु.७५०५७०००।-तलव खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब ९७ तथा ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२१ **प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले सभाबाट निर्णय नगराई वा कानुन नबनाई तपसिल अनुसार रु.१०४५०००।-निर्णयबाट प्रोत्साहन भत्ता वापत खर्च गरेको छ। पालिकाले आन्तरीक आम्दानीमा वृद्धि गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२२ **यन्त्र उपकरण सञ्चालन**

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन गरी पालिकाले इन्धन, चालक पारिश्रमिक र मर्मत खर्च तथा सञ्चालन आय निम्नानुसार रहेको छ। पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन र लगानी र आय विष्लेषण समेत गरेको पाइएन।उपकरण संचालन कार्यविधि तयार नगरी पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो। यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नुपर्ने तथा जे.सि.वि.प्योग गर्न दिंदा निशुल्क नभई शुल्क सहित प्रयोग गर्नेगर्नु पर्दछ। यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ।

| क्र.सं. | सामानको विवरण | इन्धन लागत | जनशक्ति लागत | मर्मत लागत | आय | खर्च | वचत |
|---|---|---|---|---|---|---|---|
| १. | जे.सि.वि | ५४८००० | ३९६३७३ | २५२५३७ | ० | ११९६९१० | (११९६९१०) |

२३ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न १२६ संघसंस्था र व्यक्तिहरुलाको लागि रु.८०२०००।-आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

२४ **धरौटी फिर्ता**

....

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **४१८,२२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२५ **पकेट विकास**

२५.१ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को परिच्छेद-४ को ४.१.४ मा पकेट विकास कार्यक्रममा सहभागी हुनको लागि नियमानुसार दर्ता भएका कृषक समुह वा उपभोक्ता समितिहरुबाट प्राप्त निवेदनहरु मध्येबाट अनूसूची ९ मा उल्लेखित मापदण्ड पुरा गरेका मध्येबाट प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । त्यस्तै पकेट निरन्तरताको लागि गतवर्ष पकेट कार्यक्रम प्राप्त गरेका कृषक समुहहरूलाई सूचना जारी गरी प्राप्त प्रस्ताव तथा निवेदनको आधारमा एवं गत बर्षको उपलव्धी र स्रोतको सदुपयोग समेतको आधारमा सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने उल्लेख छ । पालिकालाई यस बर्षको विनियोजित वजेट अनुसार तरकारी वालीको लागि दमार एकिकृत कृषि समुहलाई गो.भौ. १९९।०८०।१२।८ बाट रु.६०१९६२।–र गो.भौ.२३६।०८१।१।४ बाट रु.३८४२०५।–गरी जम्मा रु.४८८७९४।-तथा मकै वाली निरन्तरताको लागि नवदुर्गा कृषक मुल समितिलाई गो.भौ. १७७।०८०।११।१३ बाट रु.३२५०००।-रकम भुक्तानी दिएको छ । पालिकाले उल्लेखित संस्थालाई भुक्तानी दिएकोमा विल भरपाई परीक्षण गर्दा देहायका लगायतको विभिन्न सामाग्रीहरू खरिद गरेको जनाई विल भरपाई पेश गरेको छ । तर सो संस्थाहरूले प्रस्तावनामा तथा वितरण कार्य गर्दा समेत सो खरिद सामाग्री क-कसलाई यस बर्ष वितरण गर्ने र क-कसलाई आगामी बर्षको निरन्तरता बजेटबाट दिने हो सो सम्वन्धमा निर्णय गर्ने गरेको छैन । पालिकाले पकेट खेती कार्यको लागि समयमा नै सम्झौता गराई अनुदान रकम निकासा दिनुपर्नेमा अनुकुल सिजनमा कार्य गरे गराएको देखिएन सो तर्फ समेत सरोकार पक्ष सजग हुनुपर्ने देखिन्छ। साथै पालिकाले अनुदान रकमको सही सदुपयोग र समुह भित्रको पारदर्शिता सम्वन्धमा समेत अनुगमन गर्नुपर्ने देखिन्छ ।

| **क्र.सं** | **सामान** | **संख्या** | **रकम** |
|---|---|---|---|
| **दमार एकिकृत कृषि समुह** | | | |
| १ | मिनि टिलर७.५ एच.पि | ३ | २६०००० |
| २ | पेडि ह्विल | ४ | २०००० |
| ३ | वाटर पम्प | ११ | ३१४६९५ |
| **नवदुर्गा कृषक मुल समिति** | | | |
| १ | ठेला | १६ | ८७९९६ |

२५.२ अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानीय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारित कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ । पालिकालाई यस बर्ष पालिकालाई २०७९।८० को मकै वाली निरन्तरताको लागि रु.४९८०००।–वजेट विनियोजन भएकोमा गो.भौ. १७७।०८०।११।१३ बाट नवदुर्गा कृषक मुल समितिलाई रु.३२५०००।-रकम भुक्तानी दिएको पाईयो । सो वजेटबाट निरन्तरताको लागि मात्र खर्च गर्न पाउने देखिएकोमा पालिकाले गत बर्षको पकेट विकास कार्यक्रममा आवद्ध नभएको मुल कृषक समुह, वडा नं-१ लाई गो.भौ. २०५।०८०।१२।१८ बाट रु.११६०२५।–भुक्तानी

दिएको पाईयो । यसरी पकेट निरन्तरताको वजेटबाट पकेट कार्यक्रममा आवद्ध नभएको फर्मलाई रकम निकासा दिनु नियमसम्मत देखिऐन, रु.

| | |
|---|---|
| अनियमित भएको | १,१६,०२५ |

२६ **शित भण्डार**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२७९,९४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२७ **कृषि उपज संकलन केन्द्र**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१७५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२८ **स्वर्ण महोत्सव अनुदान र खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्रोतको प्राथमिकीकरण गरी उपलब्धी पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्छ । राजा महात्मा पूर्णभद्र माध्यमिक विद्यालयलाई घेरबार पर्खाल निमार्णमा रू. ५लाख र स्वर्ण महोत्सवको रू.८ लाख समेत रू.१३ लाख निकासा गरेको छ । स्वर्ण महोत्सव टेन्ट साउण्ड लाईट रू३९६०००।-, सिंगमरमरमा नाम लेखाई रू.४५००००।-(चन्ददाताको) सम्मान पत्र छपाई र दोसल्ला रू.३०४०००।-समेत रू.११५००००।-मध्ये पालिकाले वितरणमुखी प्राथमिकतामा नपरेको क्षेत्रमा रू.८ लाख दिई खर्च गरेको छ । चन्दादाताको आर्थिक सहयोगबाट कार्यक्रम सञ्चालन गर्नुपर्नेमा पालिकाबाट अनुदान दिनु उचित नदेखिएकोले यस्तो खर्च नियमित नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ८,००,००० |

२९ **साधारण माटोको प्राकृतिक स्रोत कर**

लुम्बिनी प्रदेश आर्थिक ऐन, २०८० को दफा ८ र अनुसूची ६(३) मा साधारण माटो प्रतिक्युफिट तराईको जिल्लामा रू.३ को दरले व्यापारिक काममा प्रयोग वापत प्राकृतिक स्रोतको बिक्री शुल्क असुल गर्नुपर्ने व्यवस्था रहेको छ । बर्दघाट नगरपालिका अन्तर्गत आयोजना स्थल र अन्यक्षेत्रबाट राष्ट्रिय गौरबको पूर्वपश्चिम नारायणघाट बुटवल खण्ड निर्माणाधीन अवस्थामा रहेको र सो आयोजनामा ठूलो परिमाणमा माटोको काम भएको अवस्थामा आयोजना कार्यालयबाट बिल भुक्तानी गर्दा माटो प्रयोगको प्राकृतिक स्रोतको बिक्रीशुल्क समन्वय गरी ठेकेदारबाट असुलीको प्रक्रिया सुरुगरी बिक्री शुल्क प्रदेशसँग आय बाँडफाँट गर्नुपर्छ ।

३० **मुअकर र मूल्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउँदा मुअकर ओभरहेड र कन्टेन्जेन्सी कट्टा गरी काम दिनुपर्ने र कामको प्रयोग भएको मूल्य बराबरको मूल्याङ्कन गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपभोक्ताले मार्फत गराएको काममा न्यून बिल बिजकको सामान खरिद गर्दा मुअकर र लागत बढी दरमा भुक्तानी हुने गरेको पाइएकोले यथार्थ र स्पष्ट रुपमा काममा प्रयोग भएको बिलबमोजिम मूल्याङ्कन गरी भुक्तानी भएको छ । तसर्थ देहायको योजनाहरुमा बढी मुअकर भुक्तानी गरेकोमा उपभोक्ता समितिको योगदानको रकम कटाई हुन आउने रकम रु.९७३०१।-असूल हुनुपर्दछ, रू.

| सि.नं | योजनाको नाम | सामाग्री | लागत दर | खरिद दर | बढी दर | परिमाण | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १ | पोखरी सौन्दर्यकरण वडा नं १ | सिमेन्ट(बोरा) | ७१५ | ३७२.५६ | ३४२.४४ | १४८० | ५९२९७ |
| २ | "''' | ढुङ्गा (घमी) | २००० | १६३३ | ३६७ | ३४२ | १४७०६ |
| ३ | निमाको घर नाला निमार्ण | सिमेन्ट(बोरा) | ७१५ | ३९६ | ३१९ | ७८५ | २३२९८ |
| | | | | | | **जम्मा** | **९७३०१** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९७,३०१ |

३१ **उपभोक्ता समिति मार्फत कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययिता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । नगरपालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधि हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।

कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन । लेखापरीक्षणको क्रममा तयार गरी उपलब्ध गराएको मोटामोटी सफ्ट कपी बिबरण अनुसार संघिय र प्रादेशिक हस्तान्तरित कार्यक्रम समेतको ५२८ वटा उपभोक्ता समितिहरुसंग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा यो वर्ष जम्मा रु.१६७७९८६४४।-भुक्तानी भएको बिबरण पेश भएको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

• उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागि मात्र सिफारिस गर्ने गरेको देखियो ।

• बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । उपभोक्ता समितिमा बसेर कार्यगर्ने व्यक्तीको अभाव रहेको भन्ने पालिकाले जनाएको छ ।

• उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विवरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमी कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण योजना उपभोक्ता समिति मार्फत गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने, मन्दिर मस्जिद निर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

## ३२ उपभोक्ताबाट पाइप खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम प्राविधिक कामको लागत अनुमान गर्दा पाइप खरिदको वालथिकनेसको आधारमा प्रतिकेजी गणनाद्धार यथार्थ लागत दर निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । दाउन्नेदेवी खानेपानी उपभोक्ता समितिलाई देहायको परिमाणको पाइप खरिद गर्दा प्रतिकेजी रू.२६८।-को दरले वालथिकनेसको आधारमा किलोग्राम गणना र नमुना तौल नगरी जिल्ला दररेटको आधारमा मूल्याङ्कन गर्दा बढी भुक्तानी भएको छ ।

| सि.नं | विवरण | स्पेशिफिकेसन | खरिद मिटर | के.जी. |
|---|---|---|---|---|
| १ | १८० mm HDPE | PE-100 PN 6 | ४० | १६८.८ |
| २ | १६० mm HDPE | PE-100 PN 6 | १०० | ३३४ |
| ३ | १४० mm HDPE | PE-100 PN 6 | २०० | ५१२ |
| ४ | १२५ mm HDPE | PE-100 PN 6 | २०० | ४०८ |
| ५ | ११० mm HDPE | PE-100 PN 6 | २०० | ३१५.४ |
| ६ | ९० mm HDPE | PE-100 PN 10 | ३०० | ५०३.४ |
| ७ | ७५ mm HDPE | PE-100 PN 10 | ५०५ | ५९०.३ |
| ८ | ६३ mm HDPE | PE-100 PN 10 | ७०० | ५७६.८ |
| ९ | ५० mm HDPE | PE-100 PN 10 | ७०० | ३६१.२ |
| | | **जम्मा** | **२९४५** | **३७६०.९** |

जिल्ला दररेटको प्रतिकेजी मुअकरबाहेक रू.२६८ को दरले विभिन्न आकारको २९४५ मिटरको हुने ३७६०.९० केजीको रू.१००७९२१।२० र सो को मुअकर रू.१३१०३० समेत रू.११३८९५०।-मूल्याङ्कन गर्नुपर्नेमा रू.१२६७२२२।-गरेकोले मुअकरसहित रू.१२८२७२।-बढी भुक्तानी भएकोले असुल गर्नुपर्ने रकम रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२८,२७२ |

## ३३ आय विश्लेषण

३३.१ बर्दघाट नगरपालिकाको आर्थिक ऐन, २०८० बमोजिम यो बर्षको आन्तरिक आय यर्थाथ हुनेगरी अनुमान गर्नुपर्दछ ।बजेट बक्तब्य र प्रगति विवरण अनुसार देहायको प्रगति देखिन्छ।

| रकम रु. हजारमा | | | | | | |
|---|---|---|---|---|---|---|
| **राजश्व अभिलेख** | **सुरु अनुमान** | **संसोधित अनुमान** | **प्राप्ति** | **खर्च** | **बाँकी** | **संशोधन प्रतिशत** |
| आन्तरिक स्रोत | ३७९८० | १७०१८९ | २१८२९३ | १४६१३७ | ७२१५९ | ३४८ |
| राजश्व बाँडफाँट | २१९१४३ | १९७५२३ | १७३६८८ | १६०१६८ | १३५२० | (१९) |
| प्रदेश सरकार अनुदान | ५१७३८ | ५५८३८ | ४११६४ | ४०४५१ | ७१३ | ७.९५ |
| संघीय सरकार अनुदान | ५१८१०० | ५२६४९५ | ४४४८३८ | ४३९०७९ | ५७८६ | १.६२ |
| **जम्मा** | **८३६९६१** | **९५००४५** | **८७७९८३** | **७८५८३५** | **९२१४८** | |

३३.२ स्रोतान्तर गरी हिसाब मिलान गरी सो को प्रमाण पेश भएकोले प्रतिक्रियाबाट हटाइएको ।

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,९००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३३.३ आन्तरिक स्रोतको सुरु अनुमान रू.३ करोड ७९ लाख ८० हजार भएकोमा संशोधन गरी रू.१७ करोड १ लाख ८९ हजार कायम गरी रू.२१ करोड ८२ लाख ९३ हजार भएकोले अनुमान स्पष्ट र यथार्थ गरेको देखिएन ।

## ३४ खेलकुद तथा मनोरन्जनात्मक

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम र बर्दघाट नगरपालिका विनियोजन ऐन, २०८० अनुसार बजेट तथा कार्यक्रम आर्थिक विकासमा योगदान पुग्ने गरी बाँडफाँट गर्नुपर्नेमा मनोरन्जन तथा खेलकुदमा उपभोक्ता समितिमार्फत गरेको प्राथमिकता प्राप्त क्षेत्रमा बाँडफाँट नगरी वितरणमुखी देहाय लगायतको ७१ वटा योजना रू.२६०५७०००।-सञ्चालन खर्च गरेको छ । पालिकाले यसरी उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| रकम रू. हजारमा | | | | |
|---|---|---|---|---|
| **सि.नं** | **कार्यक्रमको नाम** | **लागत** | **मूल्याङ्कन** | **भुक्तानी** |
| १ | खिचडी महोत्सव (१ कार्यक्रम) | ५७० | ६०७ | ३५० |
| २ | सङक्रान्ती पर्व | २३५० | २१७३ | २१११ |
| ३ | संस्कृति प्रवर्द्धन (४२ कार्यक्रम)<br>पर्यटकिय प्रवर्द्धन, तिजगीत, जितिया, लोकगीत, नवदुर्गा, छठपर्व लगायत विविध | २५९३५ | २१३६२ | १८७९८ |

## ३५ रकमान्तर र कार्यक्रम संशोधन

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७९ र विनियोजन ऐन, २०८० बमोजिम स्वीकृत बार्षिक कार्यक्रमको १० प्रतिशत रकमान्तर वा कार्यक्रम संशोधन गर्न पाउने व्यवस्था रहेको छ ।खर्च विश्लेषण तालिका बमोजिम चालुखर्च सुरु अनुमान रू.५६४९२९०००।-अनुमान गरेकोमा रू.५७४७०६०००।-संशोधन गरी रू.९७लाख ७७ हजार थप गरी १.७४ प्रतिशत संशोधन गरेको छ । त्यसैगरी पुँजीगत खर्च तर्फ रू.३७ करोड सुरु अनुमान भएकोमा संशोधनबाट रू.५३ लाख २८ हजार थप गरी सुरु अनुमानको करिब १ प्रतिशत संशोधन गरी रू.२७ करोड ९९ लाख ८६ हजार खर्च गरेकोले यथार्थ हुने गरी आय र अनुमान नजिकको स्पष्ट खर्च अनुमानको आधार वेगर संसोधित अनुमान तयार गरी ७३.३५ प्रतिशत खर्च गरेको यथार्थ स्पष्ट हुने गरी अनुमान गर्नुपर्दछ । स्थानीय संचितकोष व्यवस्थापन प्रणाली १३४ क्रियाकलापबाट रू.६ करोड ५ लाख ५७ हजार घटाएर १०२ क्रियाकलापमा रू.७

करोड ३४ लाख ७ हजार थप गरी कार्यक्रम वा क्रियाकलाप संशोधन गरेको छ । संशोधित २३६ कार्यक्रम परिषदबाट आधार कारण औचित्यसहित पारित गर्नुपर्दछ ।

३६ **झोलुङ्गे पुल**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **४०९,४५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३७ **वन पैदावार आय असूल नभएको**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ -ख_ मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीयतहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालीकामा आफ्नो क्षेत्राधिकार भित्रको वन पैदावरको आम्दानी संचित कोषमा दाखिला भएको देखिएन। अतः पालीकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायीक वन उपभोक्ता समितिले गरेको वन पैदावरको विक्रिको तथ्याङ्क डिभिजन वन कार्यालयबाट लिई वन पैदावरको विक्री वापत प्राप्त गरेको रकम यकिन गरी असूल गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

३८ **कन्चनगढी पर्यटन क्षेत्र विकास कार्यक्रम**

३८.१ सार्वजनिक खरिद ऐनको दफा ५४ मा भेरिएसन गर्दा सो भेरीएसनको परिमाणको प्राविधिक पुष्ट्याई सहित पाँच प्रतिशतसम्मको भेरीएसनको स्विकृती सम्वन्धित सार्वजनिक निकायको राजपत्राङ्कित द्वितिय श्रेणी वा सो सरहको पदाधिकारीले स्विकृत गर्नसक्ने र सो भन्दा माथिको लागि ऐनको प्रावधान अनुरूप गर्नुपर्ने व्यवस्था छ। पालिकाले कन्चनगढी पर्यटन क्षेत्र विकास कार्यक्रम अन्तर्गतको निर्माण कार्य रु.७८८१७८८।७६ मा शुभ निर्माण सेवासँग २०८१।३।१६ सम्ममा सम्पन्न गर्ने गरी २०८०।१२।२७ मा सम्झौता गरेको पाईयो । पालिकाले BOQ को आईटम नं २१ मा २५ एमएमको फ्लाग स्टोनको कार्य गर्नेगरी लागत अनुमान तयार गरी सम्झौता समेत गरेकोमा सो कार्य प्राविधिक कठिनाई जनाई भेरीएसन गरी १० एमएमको गर्ने गरी टिप्पणी उठान गरेको पाईयो । यसरी संशोधित कार्य गर्दा सम्झौता अंक रु.७८८१७८८।-बाट ७.५३% घटेर रु.७२८८१५२।२५ हुन जाने हुँदा कार्यालय प्रमुखको भेरीएसनको सिमा भन्दा वाहिर देखिएकोमा समेत कार्यालय प्रमुखले २०८१।२।२९ मा स्विकृत गरेको पाईयो । यसरी सार्वजनिक निकायको राजपत्राङ्कित द्वितिय श्रेणी वा सो सरहको पदाधिकारीले स्विकृत गर्नसक्ने भेरीएसनको सिमा बाहिरको भेरीएसन स्विकृत गरी भुक्तानी गरेको छ। सार्वजनिक खरीद नियमावलीले तोकेको सिमा भित्र रहि भेरीएसनको स्विकृती गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३८.२ संचित कोषमा फिर्ता प्रमाण पेश भएकोले हटाईएको ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **८८०,५६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३९ **खरिद कारवाही अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नुपर्ने र उपनियम (२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सो सँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्धरुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग

सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोकेअनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

४० **जटिलसंरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले रु.६६२७४२४।-मुल्य बराबरको सडक कालोपत्रे, सडक ढलान,आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, कल्भर्ट, ओभरहेड टंकी निर्माण, लगायतका जटि ल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् ।

| सिन | उपभोक्ताको नाम | भौ.न. | कामको विवरण | खर्च रकम |
|---|---|---|---|---|
| १ | लक्ष्मी नगर नाला निर्माण उ स | ८४३ | नाला मर्मततथा निर्माण | ११०८५० |
| २ | विजयपुर नया टोल नालानिर्माण उ स | ८४९ | नालानिर्माण | ९७२९०० |
| ३ | अधुरो नाला निर्माण उपभोक्ता सामिति | ७०९ | अधुरो नाला निर्माण | १०२८६० |
| ४ | चन्द्रोदय सहकारी आडकोबाटो ढलान उ स | ३०३ | बाटो ढलान | ३६४४८० |
| ५ | शिबाशक्ती मन्दिर भवननिर्माण उ स | ४४१ | बाटो ढलान | ७९७८४० |
| ६ | गिरि डाडामा तारवार तथा णलान कार्य उपभोक्तासमिति | ६४७ | तारबार तथाढलान कार्य | ३५५८४० |
| ७ | हसना टोल अधुरो बाटो मर्मत उपभोक्ता समितिबर्दघाट | ६७२ | अधुरो बाटोमर्मत | २९८६५० |
| ८ | शिलु चर्च जाने अधुरो बाटो ग्राभेल उपभोक्तासमिति | ५२६ | अधुरो बाटोस्तरोन्नती | २९८२९० |
| ९ | बाटो स्तरउन्नोतीउपभोक्ता समिति बर्दघाट | ५४६ | बाटो ग्रभेल | ३००००० |
| १० | शित्तलबस्ति सामुदायिकभवन निर्माण उपभोक्ता समिति | ४४२ | अधुरो ट्रसनिर्माण | १९९४८० |
| ११ | नौडिहवा पोटाहा स्टिल ट्रस पुल निर्माणउपभोक्ता समिति | ७९५ | ट्रस ब्रिजनिर्माण | ९८७८९७ |
| १२ | आदर्शनगर ग्याविन नालाउ स | ८४८ | ग्याविन तारजाली | २९०८३७ |
| १३ | सार्वजनिक पोखरी सरक्षण निर्माण उपभोक्ता समिति | ८३१ | सार्वजनिक पोखरी सँरक्षण तथा व्यवस्थापन | ९६७५०० |
| १४ | शौचालय निर्माण उपभौक्ता समिति | ६३२ | शौचालयनिर्माण पहाडि क्षेत्र | ३००००० |
| १५ | खाल्डाखुल्डी पुर्नेउपभोक्ता समिति | ५३१ | विभिन्नटोलका सडकको खाल्डाखुल्डी पुर्ने कार्य | २००००० |
| | | | **जम्मा** | **६६२७४२४** |

४१ **ननफाईलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको फर्मसँग कार्य गरी भुक्तानी दिएकोमा सो फर्म आ.व.२०८०।०८१ बाट लेखापरीक्षण अवधीसम्म समेत मूल्य अभिवृद्धि करको विवरण सम्वन्धीत आन्तरीक राजश्व कार्यालयमा नबुझाई ननफाईलर देखिएको छ । अतः कार्यालयबाट भुक्तानी भएको ७० प्रतिशत मूल्य अभिवृद्धि कर रकम रु.७६६६५१।-को समायोनपत्र पेश हुनुपर्ने, रु.

| क्र.स. | गो.भौ.नं. | कार्य विवरण | फर्मको नाम | खर्च रकम | ७०%मू.अ.कर |
|---|---|---|---|---|---|
| १ | ५९०।०८१।२।२४ | आनन्द आ.वि.भवन निर्माण | के.ए.टि.ई.कन्सट्रक्सन | ८१६४०५ | ६५७४६ |
| २ | ६०८।०८१।२।२८ | वडा नं-११ को भगजवनी बाटो कालोपत्रे | के.ए.टि.ई.कन्सट्रक्सन | २४६९०३३ | १९८८३३ |
| ३ | ४५२।०८१।१।१० | वडा नं-११ को भगजवनी बाटो कालोपत्रे | के.ए.टि.ई.कन्सट्रक्सन | २३१९६५९ | १८६८०४ |
| ४ | १५।०८१।२।३ | दाउन्ने देवी मा.वि.पूर्वाधार निर्माण | के.ए.टि.ई.कन्सट्रक्सन | १७३७५९१ | १३९९३० |
| ५ | २६।०८१।२।२४ | दाउन्ने देवी मा.वि.पूर्वाधार निर्माण | के.ए.टि.ई.कन्सट्रक्सन | ८२८८९४ | ८४३५५ |
| ६ | ४५।०८१।३।२३ | दाउन्ने देवी मा.वि.पूर्वाधार निर्माण | के.ए.टि.ई.कन्सट्रक्सन | ११२९७८६ | ९०९८३ |
| | | | | **जम्मा** | **७६६६५१** |

| प्रमाण पेश नगरेको | ७,६६,६५१ |
|---|---|

## ४२ फोहोरमैला व्यवस्थापन

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ तथा नियमावली, २०६९ वमोजिम फोहोरको प्रकृति अनुसार व्यवस्थापन गर्नु पर्दछ । पालिकाले पाँचबर्ष अगाडी फोहोरमैला व्यवस्थापनको लागि DPR तयार गरेको र सोको आधारमा नै संघिय कार्यक्रम अन्तर्गत बार्षिक रूपमा वजेट विनियोजन हुने गरेको तथा यसबर्ष समेत संघिय बिषेश वजेट अन्तर्गत रु.२ करोड १५ लाख वनियोजन भएकोमा हालसम्मको वजेट कार्यान्वयन चरणमा गएको देखिएन । पालिकाले हाल फोहोरमैला व्यवस्थापनको लागि बजार विकास समितिहरूलाई ३ वटा सवारी साधन सहित जिम्मा दिएकोमा सो फोहोर व्यवस्थापनको लागि स्थान अभावको कारण नजिकैको जंगलमा नै विसर्जन गर्ने गरेको देखियो । जसको कारण दुर्गन्ध फैलिने तथा फोहोरको प्रकृति अनुसार व्यवस्थापन नहुने हुँदा पालिकाले दीर्घकालिन फोहोरमैला व्यवस्थापनको कार्ययोजना सहित कार्यान्वयन पक्षमा पहल गर्नुपर्ने देखिन्छ ।

## ४३ नविकरणीय उर्जा

प्यानल खरीदको कार्यपालिकाको निर्णय तथा जडानको प्रमाण समेत पेश भएकोले हटाईएको ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **७९९,२२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

## ४४ प्रधानमन्त्री रोजगार कार्यक्रम

४४.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकीकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागि रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा नहर निर्माण, सडक मर्मत, पर्खाल निर्माण, खेल मैदान निर्माण लगायतका कार्यक्रम सञ्चालनको वजेट विनियोजन भएकोमा पालिकाले पेश गरेको विवरण अनुसार ६८

जनालाई बढीमा १०० दिन र कममा ९८ दिन गरी औषतमा ८४ दिनको श्रमिक ज्यालामा रु.४४५१५५२।-र प्रशासनिकमा रु.२१२६८७२।-।-गरी जम्मा रु.६५७८४२४।-खर्च लेखेको छ । सो सम्वन्धमा देखिएको व्यहोरा उल्लेखित छन् ।

४४.२ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमुलक आयोजना तर्जुमा, कार्यान्वियन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानीय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राही परिचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन, सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

४४.३ निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विषेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना वीमा गरी खटाउनुपर्ने र सो वीमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राही समेतको संलग्नतामा बर्षको कम्तीमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यिवन गरेको नपाईएकोले सुधार हुनु पर्दछ ।

४४.४ रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा पालिकाले रोजगारमुखी योजना कार्यान्वियन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वियन गर्नु पर्नेमा सो वेगर देहाय अनुसारका योजनाहरुमा कार्यपालिकाको निर्णयअनुसार योजनाहरू छनौट गरी वजेट खर्च भएको छ । वेरोजगार पहिचान तथा सोको सूचि तयार गरी कार्यक्रमको उद्धेश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले उत्पादकमूलक र रोजगारमूलक योजना संचालन गरेको पाईएन सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

| क्र.सं. | वडा | आयोजनाको नाम | श्रमिकसंख्या | कार्यदिन | जम्मा दिन | ज्यालाभुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | १ | थारु गाउँको दक्षिण बाटो मर्मत | १० | ५४ | ५४० | ३६०७२० |
| २ | | वाल्मिकी स्कुल वरिपरी सरसफाई तथा तारबार व्यवस्थापन | १० | ११ | ११० | ७३४८० |
| ३ | | खानेपानी पाईप लाईन विस्तार तथा स्वास्थ्य चौकीमा माटो भर्ने | १० | ३० | ३०० | २००४०० |
| ४ | २ | सिमसार देखि वडा नं २ सुखौरा जाने बाटो सरसफाई तथा मर्मत | ६ | ६० | ३६० | २४०४८० |
| ५ | | सुखौरा गैरा चौक देखि गुम्बाहुँदै ट्रान्समिटर चौक सम्मको बाटो | ६ | ४० | २४० | १६०३२० |
| ६ | ५ | वडा कार्यालय वरीपरी र सामुदायिक विद्यालय परिसर सरसफाई | १६ | २६ | ४१६ | २७७८८८ |
| ७ | | पालडाँडा खेल मैदान सरसफाई तथा स्वस्तिक टोल सरसफाई | १६ | १० | १६० | १०६८८० |
| ८ | | वडा भरि नाला मर्मत तथा सरसफाई | १६ | ५९ | ९४४ | ६३०५९२ |
| ९ | ६ | शिवालय मन्दिर मर्मत योजना | ६ | २५ | १५० | १००२०० |
| १० | | शिवालय मन्दिर मर्मत-१ | ६ | ३६ | २१६ | १४४२८८ |
| ११ | | सार्वजनिक पोखरीको मर्मत सम्भारबाट निस्केको माटो फिलिंङ | ६ | ३९ | २३४ | १५६३१२ |
| १२ | ८ | भानु आधारभुत विद्यालय सरसफाई तथा मर्मत | ५ | ५१ | २५५ | १७०३४० |
| १३ | | भानु प्र.वी. तथा कभर्ड हल वरिपरी झाडी सफाई | ५ | ३७ | १८५ | १२३५८० |
| १४ | १२ | वडा कार्यालय परिसर तथा अन्य स्थानमा सरसफाई | ८ | १८ | १४४ | ९६१९२ |
| १५ | | खानेपानी पाईपलाईन विस्तार | ८ | ४० | ३२० | २१३७६० |
| १६ | १५ | वडा नं १५ खानेपानी पाईपलाईन विस्तार | ८ | १०० | ८०० | ५३४४०० |
| १७ | १६ | खानेपानी पाईपलाइन विस्तार तथा सरसफाई कार्यक्रम | ७ | ८२ | ५७४ | ३८३४३२ |
| | | | | | **जम्मा** | **४४५१५५२** |

४४.५ पालिकाले कार्यान्वियन गर्ने योजनाहरू बार्षिक वजेटमा समावेश गरी कार्यान्वियनमा लैजानुपर्ने तथा वडाहरूको आवश्यकताको आधारमा योजना छनौट गर्नुपर्ने देखिन्छ । तर पालिकाले यस बर्ष कार्यान्वियन गरेका १७ वटा नै योजनाहरू वजेटमा समावेश गरेको नपाईएको तथा कार्यपालिकाको निर्णयानुसार मात्र छनौट गरेको जनाएको छ । पालिकाले योजना छनौट गर्दा सवै वडाहरुलाई छनौट गर्नुपर्नेमा रोजगारहरु सवै वडामा नभएकोले ८ वटा वडाहरूमा कार्यक्रम गरेको र वाँकि ९ वडाहरूलाई समेट्न नसकेको जनाएको भएतापनी सवै वडाहरूलाई प्राथमिकतामा राखी योजना छनौट र कार्यान्वियन गर्नुपर्दछ ।

४५ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरवन्दी वेगरका देहायका पदमा निम्नानुसार कर्मचारी करार नियुक्ति गरी तलव भत्ता भुक्तानी गरेको पाइयो। यसरी स्वीकृत दरबन्दी बेगर करारमा कर्मचारी नियुक्त गरी रु.१३१७६६७३।- भुक्तानी गर्ने कार्य नियमित नदेखिएको रु.

| पदको नाम | स्वीकृत दरवन्दी | पदपूर्ति | दरबन्दी भन्दा बढी पदपूर्ति | बढि खर्च |
|---|---|---|---|---|
| अ.हे.व.चौथो | २१ | ३३ | १२ | ३५५२००० |
| अ.न.मी.चौथो | १६ | २८ | १२ | ३५५२००० |
| ल्याव असिष्टेण्ट | २ | ५ | ३ | १७७६००० |
| वर्थिङ्ग अ.न.मी. | २ | ६ | ४ | ११८४००० |
| आर्किटेक्ट ईन्जिनियर | ० | १ | १ | ५७७९५७ |
| नापी अधिकृत | ० | १ | १ | ५७७९५७ |
| अमिन | ० | ३ | ३ | १३१३१७८ |
| मेडिकल अधिकृत | २ | ३ | १ | ६४३५८१ |
| | | | **जम्मा** | **१३१७६६७३** |

| | |
|---|---|
| अनियमित भएको | १,३१,७६,६७३ |

४६ **समायोजन ग्रेड**

कर्मचारी समायोजन ऐन,२०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रुपमा कार्यरत प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने व्यवस्था छ । पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधी भएका कर्मचारीको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था देखिएन । यस पालिकामा कार्यरत देहायका ३ जना कर्मचारी माथिल्लो तहमा समायोजन गरेकोमा साविकको पदमा वहाल रहदा पाएको ग्रेड समेत भुक्तानी गरेको छ । सो सम्वन्धमा पालिकाले तल्लो तहमा समायोजन ग्रेड सहितको रकम भुक्तानी भन्दा माथिल्लो तहमा समायोजन पश्चातको रकम कम हुने भएकोले भुक्तानी गरेको जनाएको भएतापनि सो खर्च लेख्ने आधार पेश हुने अन्यथा स्तरवृद्धि पश्चात भुक्तानी भएको समायोजन ग्रेड रकम रु.८३३६७।-असुल हुनुपर्ने रु.

| सिन | नाम | पद | हालको पदमा बढ्ढुवा | समायोजन ग्रेड | महिना | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ईन्द्र कुमारी बुचा | साहायक पाचौ | २०६८।१०।२५ | २ | १२ | २७७९२ |
| २ | राधा भण्डारी | सहायक पाँचौ | २०७२।१०।२१ | २ | १२ | २७७९२ |
| ३ | संगिता पौडेल | सहायक पाँचौ | २०७८।११।१५ | २ | १२ | २७७९२ |
| | | | | | **जम्मा** | **८३३६७** |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२७,७९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२७,७९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२७,७९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१३,८९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२७,७९२**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२७,७९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२७,७९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२७,७९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३६,६७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३४,९४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३४,९४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१७,४७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३४,९४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३४,९४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३४,९४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२७,७९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२७,७९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८३,३७६ |

४७ **वितरणमुखी खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट तयार गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारी र औचित्य समेतलाई विचार गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पुँजी सिर्जना नहुने खालका वितरणमुखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजी निर्माण हुने किसिमका योजना तथा कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । पालिकाले विभिन्न कार्यक्रममा विभिन्न सामाग्री वितरण गरी देहाय बमोजिमको रकम खर्च लेखेकोले यस्तो खर्चमा नियन्त्रण गरिनुपर्दछ ।

| गो.भौ.नं/मिति | विवरण | रकम |
|---|---|---|
| ४९।२०८०।०६।१० | तिज बिशेष कार्यक्रम | ३९६५२ |
| ११५।२०८०।०६।२९ | तिज बिशेष कार्यक्रम | १००००० |
| १३२।२०८०।०६।२९ | जितिया पर्व कार्यक्रम | ४०००० |
| १९५।२०८०।०७।०२ | तिज बिशेष कार्यक्रम | ८००० |
| २३२।२०८०।०७।१७ | आदिवासी जनजाती दिवस कार्यक्रम | १००००० |
| ३२४।२०८०।०८।१५ | सांस्कृतिक कार्यक्रम | १००००० |
| ५५५।२०८०।१०।०९ | ज्येष्ठ नागरिकलाई व्ल्याङकेट वितरण | २६२३८६ |
| ५६२।२०८०।१०।१० | छठ पर्व कार्यक्रम | २००००० |
| ५८७।२०८०।१०।१४ | माघे संक्रान्ती सांस्कृतिक महोत्सव | २००००० |
| ७४२।२०८०।११।१८ | माघी महोत्सव | ३५०००० |
| ८००।२०८०।१२।०२ | मगर एकता दिवस | ७५००० |
| ९२७।२०८०।१२।३० | गैडहवा शिवरात्री महोत्सव | १५०००० |

४८ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैंन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने र नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । कार्यालयले रू.१३५१२३५।-मूल्य बराबरको विभिन्न मालसामान खरिद गर्दा ऐन नियमको व्यवस्था पालना नगरी सोझै बजारबाट खरिद गरेको देखिएको छ ।यसरी पालिकाबाट मसलन्द तथा कार्यालय सामाग्री सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| गो.भौ.नं.मिति | विवरण | सप्लायर्स | भुक्तानी रकम |
|---|---|---|---|
| २७।२०८०।०६।०४ | मसलन्द सामाग्री | तिलोत्तमा विविध सप्लयार्स | १२५६६७ |
| १५६।२०८०।०६।३० | पुस्तक तथा मसलन्द सामाग्री | पूर्णिमा प्रिन्टिङ एण्ड ट्रेडिङ | ९९४४० |
| १८३।२०८०।०७।०१ | मसलन्द तथा कार्यालय सामाग्री | झरना डिजिटल फोटो भिजन | १२७०५० |
| १९२।२०८०।०७।०२ | कार्यालय व्यवस्थापन खर्च | शिवम एण्ड शुभम सप्लायर्स | ७०४६१० |
| २७१।२०८०।०७।२३ | मसलन्द सामाग्री | आरआर व्याग हाउस | १५१७१३ |
| ७२०।२०८०।११।११ | मसलन्द सामाग्री | टाइकुन हव | १४२७५५ |
| | | **जम्मा** | **१३५१२३५** |

४९ **वृतचित्र निमार्ण**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८.९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। वडा नं १६ कार्यालयको वृतचित्र निर्माण गर्नुपर्नाको आवश्यकता पहिचान नगरी

वडागत रुपमा बजेट राखी रु.११८८७०।-परामर्शबाट खरिद गर्नु मितव्ययी र प्रभावकारी देखिएन्। पालिकाको वृतचित्र बनिसकेको अवस्थामा छुट्टै वडा कार्यालय वृतचित्र बनाउदा सोको औचित्यताको समेत मूल्याङ्कन हुनुपर्दछ ।

५० **ठेक्का मुचुल्का खोल्दा भत्ता**

दाखिला गरी प्रमाण पेश भएकोले हटाईएको ।

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **५२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

५१ **विधुत महशुल जरीवाना**

लुम्बिनी प्रदेशको सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७९ को बुँदा नं-२० बमोजिम पानी बिजुली तथा टेलिफोनको महशुल तोकिएको समयमा नै भुक्तानी गर्नुपर्ने, समयमा महशुल नतिरी जरिवाना तिर्नुपरेमा कार्यालय प्रमुख र लेखा प्रमुख जिम्मेवार हुने व्यवस्था गरेको छ । नमुना परिक्षण गरी लेखापरीक्षण गर्दा गो.भौ.नं-६८३।२०८०।११।०४ नेपाल विद्युत प्राधिकरणको ९ वटा बिलबाट रू.३६१२८१/-भुक्तानी भएकोमा सो भुक्तानी गर्दा जरिवाना वापत रू.८४९८८/-भुक्तानी भएको छ । कार्यालयले बिजुली पानी लगायतको बिल भुक्तानी समयमा गरी सरकारी खर्चमा मितव्ययीता अपनाउनु पर्नेमा बढी व्ययभार पारेको, देखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ८४,९८८ |

५२ **अवलोकन भ्रमण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(१) मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका स्थानीय स्तरको विकासको लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै अनुत्पादक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनालाई प्राथमिकता दिनुपर्नेमा पालिकाले कर्मचारीको अवलोकन भ्रमणमा रकम विनियोजन गरी खर्च लेखेको छ । पालिकाले यस वर्ष गो.भौ. १३६५।२०८१।०३।०६ बाट नेपाल पत्रकार महासंघको लागि अध्ययन अवलोकन भ्रमण वापत रू.३०००००।-खर्च लेखेको छ । यसरी अनुत्पादक क्षेत्रमा गरीएको बजेट विनियोजन एवं खर्चको प्रभाव मूल्याङ्कन गरी खर्चमा नियन्त्रण गर्नुपर्ने देखएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ३,००,००० |

५३ **कर दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा सो पुष्टी गर्ने बिल, भरपाई, प्रमाण तथा कागजात संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो.भौ.नं-१५७०।२०८१।०३।१८ बाट महिलाहरूको पाठेघर क्यान्सर सम्बन्धी पूर्व परीक्षण VIA शिविर सञ्चालन गरे वापत हाम्रो सुपर बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई रू.२००००।-भुक्तानी गरेको छ । सो संस्थाले पेश गरेको कागजातमा विभिन्न रकम भुक्तानी गर्दा रू.९९७०।- कर कट्टी गरेकोमा राजश्व दाखिला गरेको भौचर पेश नभएकोले कर कट्टी रकम दाखिला गरी सो को प्रमाण पेश गर्नुपर्ने, रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९७० |

५४ **विद्यालयमा २ मिनेट अभियान कार्यक्रम**

बर्दघाट नगरपालिकाले सरसफाई र सुन्दरताको लागि मेरो २ मिनेट अभियान सम्बन्धी कार्यक्रम सञ्चालनको लागि प्रति विद्यालयलाई रू.२००००।-को दरले ३७ वटा विद्यालयलाई रू.७४००००।-भुक्तानी खर्च लेखेको छ । सो कार्यक्रम सम्बन्धी बिल भरपाई परीक्षण गर्दा विद्यालयले बगैँचा निर्माण गर्ने, फूलको विरुवा रोप्ने तथा करेसाबारी निर्माण गरेको देखिएको छ । पालिकाबाट सो कार्यक्रम सञ्चालनबाट प्राप्त प्रगति तथा प्रतिफल सम्वन्धमा अनुगमन भएको पाइएन । अतः यस्ता कार्यक्रम सञ्चालन गर्दा प्रभावकारीता र प्रतिफललाई समेत ध्यान दिईनु पर्दछ ।

## ५५ निःशुल्क उपचार सहायता

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट २२० जनाको लागि रु.५८२००००।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

| क्र.सं | उपचारको किसिम | व्यक्ती संख्या | रकम रु हजारमा |
|---|---|---|---|
| १ | दीर्घरोगी संघीय सरकार | ९७ | ५८२००००।- |
| २ | उपचार सहुलियत संघीय | ९३ | रु.एक लाखको दरले सिफारिस |
| ३ | प्रदेश स्वास्थ्य उपचार विशेष सुविधा | ३० | रु.दुई लाखको दरले सिफारिस |

## ५६ कृषि पशु अनुदान

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट देहाय अनुसारको कृषकहरूको लागि रू.१९२०००००।-खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| क्र.स. | कार्यक्रमको नाम | अनुदानको किसिम | व्यक्ती संख्या | रु. (हजारमा) |
|---|---|---|---|---|
| १ | कृषका सहभागितामा खाधान्न बाली प्रबर्द्धन कार्यक्रम | ५० प्रतिशत अनुदानमा | नगर भित्रका कृषकहरु | ३४०० |
| २ | पकेट विकास कार्यक्रम (आलु मकै तरकारी तोरी) | ५० प्रतिशत अनुदानमा | वडा नं.-१, र १२ कृषकहरु | ७०० |
| ३ | व्यवसाहिक कृषकलाई ट्रे र मल्चिङ्ग प्लाष्टिक वितरण कार्यक्रम | ७५ प्रतिशत अनुदानमा | ९ जना कृषक | ५०० |
| ४ | कृषि औजार उपकरण वितरण | ५० प्रतिशत अनुदानमा मिनि टिलर | वडाका कृषकहरु | ६०० |
| ५ | सिंचाई कार्यक्रम | ९० प्रतिशत अनुदानमा | ३३ - जल उ.स., कृषक | ११८०० |
| ६ | बाली संरक्षण कार्यकम | १०० प्रतिशत अनुदानमा | कृषक, कृषक समुह | ५०० |
| ७ | वागवानी तथा कृषि वन कार्यक्रम | १०० प्रतिशत अनुदानमा | वडा नं. ५ को स्वास्थ्य चौकी | १२०० |
| ८ | सार्वजनिक सामुदायिक सस्थागत बाँझो जमिन | १०० प्रतिशत अनुदानमा | सार्वजनिक | ५०० |
| | | | जम्मा | **१९२००** |

## ५७ डोर हाजिरीमा कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर पालिकाले मासिक विभिन्न ३ जना देखि ५ जनासम्म कर्मचारीलाई ज्यालादारीमा काम लगाई डोर हाजिरी पेश भएका आधारमा वार्षिक रु.९०६४८०।-समेत थप खर्च गरेको पाइयो । यसरी दरवन्दि भन्दा बाहिरको अनावश्यक ज्यालादारीमा बढी कर्मचारी नियुक्त गरी निजहरुको तलब भत्तामा गरेको खर्च नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ९,०६,४८० |

५८ **प्रज्ञा प्रतिष्ठान अनुदान**

प्रतिष्ठानको लेखापरीक्षण तथा विल भरपाईको प्रमाण पेश भएकोले हटाईएको ।

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१,४००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५९ **पालिका शिक्षक तलब**

शिक्षा नियमावली २०५९ को नियम ९२ तथा अनुसुची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दि हुनुपर्दछ । पालिका अन्तर्गतका निम्नानुसार शिक्षक र विद्यार्थी अनुपात रहेकोमा पालिकावाट सो भन्दा बढी हुने गरी थप शिक्षक व्यवस्था गरी तलव भत्ता भुक्तानी भएको पाईयो । जसअनुसार साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका तथा विद्यार्थी संख्या अत्याधिक भई शिक्षक नपुग भएको अवस्थामा मात्रै पालिकाले विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने देखिन्छ । कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ मा भएको व्यवस्था अनुसार कक्षा ६-८ तथा कक्षा ९-१० मा अंग्रेजी, विज्ञान र गणित बिषयको लागि समेत छुट्टै वजेट व्यवस्था गरी निकासा समेत दिईएको अवस्था छ । तर पालिकाले न्यून विद्यार्थी रहेका विद्यालयलाई विद्यार्थी संख्या, पहुँचको अवस्था, एक विद्यालयबाट अर्को विद्यालयमा रहेको भौगोलिक दुरी लगायतको अवस्थालाई समेत मध्यनजर गरी मर्जरको प्रक्रियामा लगि विद्यालयमा आवश्यकता बमोजिम शिक्षक दरबन्दी कायम गरी शैक्षिक गुणस्तर सुधार तथा मितव्ययिता कायम गर्नेतर्फ नगरपालिकाको ध्यान जानुपर्ने देखिन्छ । तर पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका र गत विगत देखि नै निजी स्रोतको रूपमा कार्यरत शिक्षकलाई प्रा.वि.तर्फ १६ जनालाई, नि.मा.वि तर्फ ३ जनालाई, मा.वि तर्फ ४ जना शिक्षकलाई गरी बार्षिक रु.६७६२६१८।-वित्तीय समानीकरण शिर्षकबाट तलब भत्ता विद्यालयहरूको नाममा अनुदान निकासा दिएको पाईयो । पालिकामा रहेको शिक्षक र विद्यार्थीहरूको अनुपात हेर्दा देहाय अनसारको देखिएकोले आवश्यकताको आधारमा मात्रै शिक्षक नियुक्ति गरी तथा खर्च गर्नुपर्ने देखिन्छ ।

| तह | दरवन्दी शिक्षक | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात | पालिका अनुदान शिक्षक | शिक्षक विद्यार्थी अनुपात | पालिका अनुदान |
|---|---|---|---|---|---|---|
| वाल विकास | ४५ | १४४४ | १:३२ | ० | १३२ | ० |
| प्रा.वि. | १६३ | ३१०२ | १:१९ | १६ | १:१८ | ३९६२४१९ |
| नि.मा.वि. | ४८ | २१४८ | १:४५ | ३ | १:४२ | ८०७३०० |
| मा.वि. | ६५ | २४७६ | १:३८ | ४ | १:३६ | १९९२८९९ |
| | | | | | **जम्मा** | **६७६२६१८** |

६० **वालविकास कर्मचारी वितरण**

पालिकाकाले कार्यक्रम कार्यान्वयन पुस्तिका, ०८०।८१ अनुसार विद्यालयको विद्यार्थी संख्याको आधारमा वालविकास कर्मचारी वितरण र समायोजन हुनुपर्ने उल्लेख छ । पालिकामा संघीय वजेटतर्फ ४५ जना वालविकासको दरवन्दी रहेकोमा देहायका

विद्यालयहरुमा वालविकासमा उल्लेख्य विद्यार्थी संख्या नरहेको अवस्थामा समेत वालविकास कर्मचारी संख्या बढि वितरण गरेको र पारीश्रमिक भुक्तानी समेत भएको छ । यसरी भुक्तानी दिंदा आवश्यक विद्यालयहरुमा वालविकास कर्मचारी नपुग हुने र देहाय अनुसारको विद्यार्थी कम भएकोमा बढी हुने अवस्था देखियो । अतः आवश्यकता र विद्यार्थी संख्याको आधारमा वालविकास कर्मचारी वितरण हुनुपर्ने देखिन्छ ।

| **सि.नं.** | **विद्यालयको नाम** | **संघीय दरबन्दी** | **जम्मा** | **बा.वि.के.विद्यार्थी सङ्ख्या** |
|---|---|---|---|---|
| १ | राजामहात्मा पूर्णभद्र माध्यमिक विद्यालय | ३ | ३ | ८३ |
| २ | शान्तिनिकुञ्ज रेवती गौमाता गौतम माध्यमिक विद्यालय | १ | १ | ९९ |
| ३ | वाल्मीकि माध्यमिक विद्यालय | १ | १ | २६ |
| ४ | नित्यानन्दरत्नकुमारी माध्यमिक विद्यालय | १ | १ | ५६ |
| ५ | ज्ञानज्योति माध्यमिक विद्यालय | २ | २ | २३ |
| ६ | जनता आधारभूत विद्यालय | १ | १ | ५३ |
| ७ | दुर्गा आधारभूत विद्यालय | १ | १ | ७० |
| ८ | जयन्ती आधारभूत विद्यालय | २ | २ | १२८ |
| ९ | अखण्ड आधारभूत विद्यालय | १ | १ | ३८ |
| १० | शिरोमणी प्राथमिक विद्यालय | १ | १ | ११३ |
| ११ | जीतपुर प्राथमिक विद्यालय | १ | १ | १९ |
| १२ | ज्ञानोदय प्राथमिक विद्यालय | २ | २ | १५ |
| १३ | मौलादेवी प्राथमिक विद्यालय | १ | १ | १९ |
| १४ | नवदिव्यज्योति आधारभूत विद्यालय | २ | २ | १६ |
| १५ | दाउन्नेदेवी प्राथमिक विद्यालय | १ | १ | ५२ |
| १६ | भद्रकाली प्राथमिक विद्यालय | १ | १ | ९ |
| १७ | आम्बास प्राथमिक विद्यालय | १ | १ | ७ |
| १८ | जानकी प्राथमिक विद्यालय | २ | २ | १८ |
| १९ | पवित्र प्राथमिक विद्यालय | २ | २ | ३९ |
| २० | जनमुखी प्राथमिक विद्यालय | १ | १ | ११ |
| | **जम्मा** | **४५** | **४५** | **१४४४** |

## ६१ **राष्ट्रिय शिक्षा नीतिको पालना**

६१.१ राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन सम्वन्धि मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन्

• सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।

• मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।

• अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।

• प्रतिवेदन सार्वजनिक गरेको छैन ।

तसर्थ नगरपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

६१.२ सुधारको प्रतिवद्धता पेश गरेकोले हटाईएको ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

६१.३ सुधारको प्रतिवद्धता पेश गरेकोले हटाईएको ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

## ६२ थप पाठ्यपुस्तक वितरण

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को ३.१ मा विद्यालयको यकिन विद्यार्थी संख्याका आधारमा कक्षा ११-१२ का लागि प्रथम त्रैमासिक भित्र तथा कक्षा १-१० सम्म तेस्रो त्रैमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तक को रकम अनुदान दिने ऊल्लेख छ । यस्तो अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५% मात्रै अनुदान दिने र २०८१ बैशाखको विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरीदको स्थिती र वितरण गरेको विवरणको आधारमा मात्रै नपुग भएको रकम पुनः विद्यालय खातामा निकासा दिनुपर्ने व्यवस्था छ । पालीकाले कार्यक्रम कार्यान्वियन पुस्तिका अनुसार कक्षा ११ र १२ को गो.भौ.१४८।०८०।१०।१२ बाट रु.३५७०००।–निकासा र कक्षा १-१० सम्मको प्रथम किस्ता ७५% गो.भौ.२०२।०८०।१२।१६ बाट रु.३५९१६५२।-र पुनः थप निकासा गो.भौ.३५८।०८१।३।१३ बाट रु.१४१३५७३।-गरी जम्मा रु.५३६२२२५।-विभिन्न ३५ विद्यालयहरुलाई मागका आधारमा निकासा दिएको पाईयो । तर यसरी विद्यालयहरुलाई रकम निकासा दिंदा देहायका विद्यालयहरुलाई IEMIS मा भएको तथ्याङ्क भन्दा रु.५८८४१।-बढी रकम निकासा दिएको पाईयो । यसरी IEMIS मा भएको तथ्याङ्क भन्दा बढी निकासा दिएको उक्त रकम सम्वन्धित विद्यालयबाट असूल गरी संघिय संचितकोष खातामा पठाउनुपर्ने देखिएको, रु.

| क्र.सं. | विद्यालय | निकासा दिनुपर्ने | निकासा | बढि निकासा |
|---|---|---|---|---|
| १ | राजा महात्मा पूर्णचन्द्र मा.वि. | ४१९५१२ | ४२७५४३ | ८०२८ |
| २ | शान्ती निकुञ्ज रेवती गौमाता गौतम मा.वि. | २९८९०३ | ३०७४११ | ८५०८ |
| ३ | दिव्यज्योति मा.वि. | ६७४१९४ | ७००६५६ | २६४६२ |
| ४ | नवजीवन मा.वि. | १९१७६८ | २०७६११ | १५८४३ |
| | | | **जम्मा** | **५८८४१** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५८,८४१ |

## ६३ दिवा खाजा

६३.१ कार्यक्रम कार्यान्वियन पुस्तिका, ०८०।८० को ७.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडी विद्यालयहरुमा कक्षा ५ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले बढीमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपिको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । साथै दोश्रो र तेस्रो त्रैमासिक निकासा दिँदा पहिलो त्रैमासिकमा निकासा दिएको रकमको सदुपयोगको स्थिति समेत हेरेर एवं खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमूनाको समेत आधारमा निकासा दिनुपर्ने

उल्लेख छ । तर पालीकाले यस बर्ष दिवा खाजाको लागी विभिन्न ३५ वटा विद्यालयहरुमा गो.भौ.७८ बाट रु.३४२३५४०।-, गो.भौ.१५६।०८०।१०।२८ बाट रु.२७९४६८०।-, गो.भौ.२६७।०८१।२।१ बाट रु.२७३७०६५।-र गो.भौ.४१३।०८१।३।१७ बाट रु.२४८३२८०।-,गरी जम्मा रु.११४३८५६५।-विद्यालयहरुको खातामा निकासा दिएको पाईयो । विद्यालयहरुलाई चौमासिक रुपमा निकासा दिई सदुपयोगको स्थिति समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने तथा दिवा खाजा खुवाएको अनुगमन समेत गरी पालिकाले विद्यालयहरुलाई निकासा दिनुपर्नेमा पालिकाले अनुगमन गरेको अभिलेख प्राप्त भएन । सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

६३.२ विद्यालयहरुलाई त्रैमासिक रुपमा निकासा दिएको रकम विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षवाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा तथ्याङ्क संकलन गरी संख्या यकिन गरी रकमको सदुपयोगको स्थिति समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले विद्यार्थीको संख्यात्मक विवरण विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षवाट प्रमाणित नगराई केवल प्रधानाध्यापकको मागको आधारमा निकासा दिने गरेको पाईयो । पालिकाले विद्यालयहरुको दिवा खाजाको व्यवस्थापन सम्वन्धी अनुगमन समेत नगरी प्रति विद्यार्थी दैनिक रकमले हुने एकमुष्ठ रकम सम्वन्धित विद्यालयलाई त्रैमासिक किस्तामा मात्रै निकासा गरेको पाईयो । कार्यक्रम कार्यान्वियन पुस्तिकाले तोकेको प्रकृया पुरा गरी निकासा दिने तथा सोको सदुपयोग सम्वन्धमा समेत पालिकाले ध्यान दिनु पर्दछ ।

६३.३ कार्यक्रम कार्यान्वियन पुस्तिका, ०८०।८१ को २.७.११.१ (च) मा विद्यालयले दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएको जङ्क फुड नखुवाउने, ताजा र पोषिलो दिवा खाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न, तरकारी, दुध, दही, माछा-मासु, फलफूल लगायतका सामग्रीहरू स्थानीय कृषकबाट खरिद गर्ने, स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र विल भरपाई सुरक्षित रूपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउने उल्लेख छ । साथै विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने, सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र उक्त निरीक्षण पुस्तिकामा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्तिले आफ्नो राय सुझाव उल्लेख गर्ने व्यवस्था रहेकोमा स्थानीय तहबाट अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरेको देखिएन । पालिकाले सो सम्वन्धमा समेत ध्यान दिनुपर्ने देखिन्छ ।

६३.४ कार्यक्रम कार्यान्वियन पुस्तिका, ०८०।८१ को २.७.११.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडी विद्यालयहरुमा कक्षा ५ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५।-का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपिको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष कार्यान्वियन पुस्तिकाले तोके अनुसार १८० दिनको हुने मात्रै दिवा खाजा वापतको रकम विद्यालयलाई निकासा दिनुपर्नेमा देहायका लगायतको विद्यालयहरूलाई १८० दिन भन्दा बढीको निकासा दिएको हाजिरी विवरण पेश गरेको छ । सो सम्वन्धमा पालिकाले विद्यालय खुलेको दिन संख्या धेरै भएतापनि सवै विद्यार्थीहरूको दिवा खाजा रकम १८० दिन भन्दा धेरै नरहेको जनाए तापनि १८० दिनभन्दा बढी दिनको अद्यावधिक प्रमा रहेको देखिएन । अतः सो सम्वन्धमा पालिकाले अनुगमन गरी १८० दिन भन्दा बढी निकासा दिएको रकम रु.२१४२४३।-र अन्य विद्यालयको समेत कार्यक्रम कार्यान्वियन निर्देशिकाको व्यवस्था र हाँजिरी समेत हेरी यकिन गरी सोको अनुगमन प्रतिवेदन समेत पेश हुनुपर्ने देखिन्छ, रु.

| क्र.सं. | विद्यालय | दिवा खाजा निकासा दिन | बार्षिक निकासा | बढि दिनको निकासा |
|---|---|---|---|---|
| १ | दाउन्नेदेवी मा.वि. | १८७ दिन | ७२७६९५ | २७६९५ |
| २ | राजा महात्मा पूर्णचन्द्र मा.वि. | १८२ दिन | ६३१५६० | ६९४० |
| ३ | राष्ट्रिय मा.वि. | २१२ दिन | ६८४३६० | ९६८४४ |
| ४ | शिरोमणी मा.वि. | २०७ दिन | ६३४५३० | ८२७८४ |
| | | **जम्मा** | **२६७८१४५** | **२१४२४३** |

| प्रमाण पेश नगरेको | २,१४,२४३ |
|---|---|

## ६४ प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को २.५.१ मा शिक्षण सिकाई सामाग्री तथा BOOk CORNER व्यवस्थापनको लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा १-५ को लागि रु.१५०।-, शिक्षण सिकाई सामाग्री व्यवस्थापनको लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ६-८ को लागि रु.२००।-र कक्षा ९-१० को लागि रु.२००।- का दरले र कक्षा ११ र १२ मा रु.२५०।- का दरले हुने एकमुष्ठ रकम विद्यालय खातामा निकासा दिने र सोहि अनुसार तोकिएको क्रियाकलाप विद्यालयले सम्पन्न गर्ने उल्लेख छ । पालिकाले यस बर्ष सो कार्यक्रमको लागि शशर्त वजेटको चालु शिर्षकको गो.भौ.२९०।०८१।२।१३ बाट विभिन्न ३५ विद्यालयलाई रु.५१०५८५०।-खर्च लेखेको पाईयो । कार्यालयले खर्च लेख्दा दिव्यज्योती विद्यालयलाई शैक्षिक शत्र २०८०।८१ को IEMIS मा भएको तथ्याङ्कको आधारमा १३३१ जनाको हुने रकम रु.१८९६५००।-निकासा दिनुपर्नेमा १३६४ जनाको हुने निकासा रु.१९२६६५०।-निकासा दिएको पाईएकोले रु.३०१५०।-बढी निकासा दिएको पाईयो । यसरी IEMIS मा भएको तथ्याङ्क भन्दा बढी संख्याको निकासा दिएको उक्त रकम सम्वन्धीत विद्यालयबाट असूल गरी संघिय संचित कोष खातामा दाखिला गर्नुपर्ने देखिन्छ, रु.

| असुल गर्नुपर्ने | ३०,१५० |
|---|---|

## ६५ विद्यालयको अनुगमन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभूत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय-व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धी निश्चित मापदण्ड निर्धारण गरी सोही अनरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभूत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन। यस सम्बन्धमा शिक्षा शाखासँग छलफल गर्दा जनशक्तिको अभावमा सबै विद्यालयहरुको समानुपातिक ढंगले अनुगमन गर्न नसकेको भनाइ रहेको छ । पालिकाले अनुगमन सम्बन्धी निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी तथा शैक्षिक गुणस्तर वृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्था गर्नुपर्दछ ।

## ६६ विद्यालयमा विज्ञान प्रयोगशाला र ICT अनुदान

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं ९.६ मा स्थानीय तहमा कक्षा ११-१२ मा जीव विज्ञान, भौतिक विज्ञान र रसायन विज्ञान विषय अध्यापन गर्ने विद्यालयहरूमा विज्ञान प्रयोगशाला नभएको भए तथा विगतमा यस प्रकृतिको अनुदान नपाएका माध्यमिक विद्यालयहरूको पहिचान गरी प्रथामिकता साथ विज्ञान प्रयोगशाला अनुदान प्रति विद्यालय रू.६ लाख ५० हजारको दरले

विद्यालयलाई एकमुष्ठ उपलब्ध गराउने उल्लेख छ । यसरी अनुदान दिँदा विद्यालयको विद्यार्थी सङ्ख्या, जेष्ठता समेतलाई आधार मानी सूची अद्यावधिक गर्ने तथा सो विवरणको आधारमा निर्णय गरी वितरण गर्ने एवं यस शीर्षकबाट रकम प्राप्त गरेका विद्यालयहरूले नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका, २०७४ (संसोधनसहित) को अनुसूचीमा उल्लिखित मापदण्डका आधारमा विज्ञान प्रयोगशाला व्यवस्थापन गर्ने उल्लेख छ। साथै ICT को लागि अनुदान दिंदा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं.१६५/२०८०।०३।०५ को पत्रानुसारको स्पेशिफिकेसन अनुसार खरीद गर्नेगरी विद्यालयहरूसँग सम्झौता गर्नुपर्नेमा पालिकाले स्पेशिफिकेसन तोकि सम्झौता गरेको देखिएन । पालिकाले रकम निकासा दिंदा हालसम्मको वितरणको तथ्याङ्क अद्यावधिक गरेको नपाईएको तथा छनौटको निर्णय सम्वन्धमा स्पष्ट आधार नदेखिएकोमा सो अनुदानको विल भरपाई र सामान खरीदको प्रमाण पेश गरेका छैनन । अतः कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको सूचकको आधारमा निर्णय प्रकृया पुरा गरेको प्रमाण, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तोकेको स्पेशिफिकेसन वमोजीमको कार्य भएको विल भरपाई तथा सदुपयोगको सुनिश्चितता सम्वन्धमा पालिकस्तरीय अनुगमन समितिबाट अनुगमनको प्रमाण पेश हुनुपर्ने, रु.

| क्र.सं | गो.भौ।मिति | विद्यालय | विज्ञान प्रयोगशाला | ICT अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| १ | २८९।०८१।१।१३ | जनता आ.वि. | ६५०००००।- | - | ६५०००००।- |
| २ | २८९।०८१।१।१३ | सिद्धज्योति आ.वि. | ६५०००००।- | - | ६५०००००।- |
| ३ | २८९।०८१।१।१३ | दुर्गा आ.वि. | - | ६५०००००।- | ६५०००००।- |
| ४ | २८९।०८१।१।१३ | राष्ट्रिय मा.वि.,माकर | - | ६५०००००।- | ६५०००००।- |
| ५ | २८९।०८१।१।१३ | शान्ति निकुञ्ज रेवत गौमाता मा.वि. | - | ६५०००००।- | ६५०००००।- |
| | | **जम्मा** | **१३००००००।-** | **१९५००००।-** | **३२५००००।-** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३२,५०,००० |

## ६७ नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयन अनुदान

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.१३.१३ (९.५) मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयनको लागि शैक्षिक सुधार, छात्रावास व्यवस्थापन, शैक्षिक पूर्वाधार निर्माण र शैक्षिक सुशासनको लागि विद्यालयलाई प्रस्ताव पेश गर्न लगाई सम्झौताको आधारमा अनुदान दिन सकिने व्यवस्था छ । कार्यालयले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत राजा महात्मा पूर्णभद्र मा.वि.ले पेश गरेको प्रस्तावको आधारमा अनुदान निकासा दिनुपर्ने देखिन्छ । विद्यालयले सोहि प्रस्ताव अनुसारको खर्चको विल भरपाई पेश गर्नुपर्नेमा केवल खर्चको आधारमा विल पेश गरेको पाईएयो । यसरी शशर्त वजेटको रकम प्रस्ताव तथा सम्झौता अनुसार खर्च नगरीप्रस्ताव भन्दा बढी खर्च भएकोमा पनि पालिकाबाट शतप्रतिशत भुक्तानी दिएकोले बढी भुक्तानी रकम रु.४९०४५८।-सम्वन्धित विद्यालयबाट असूल हुने, रु.

| क्र.सं | खर्चको विवरण | प्रस्ताव पेश | विल भरपाई पेश | बढी भुक्तानी |
|---|---|---|---|---|
| १ | शिक्षक तलव | १८०००००० | २२७७२०८ | ४७७२०८ |
| २ | अतिरीक्त कक्षा | ५०००० | ५५८०० | ५८०० |
| ३ | अतिरीक्त क्रियाकलाप | ५०००० | ५५६५० | ५६५० |
| ४ | पुरस्कार तथा सम्मान | ५०००० | ५१८०० | १८०० |
| | | | **जम्मा** | **४९०४५८** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,९०,४५८ |

## ६८ बढी भुक्तानी

..

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **५५,६८३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६९ **संचालन नभएका कार्यक्रम**

अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानिय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारीत कार्यमा खर्च गर्ने उल्लेख छ । पालिकालाई यस बर्ष प्राप्त शशर्त वजेट मध्ये देहाय लगायतको कार्यक्रमहरु गर्नुपर्नेमा वजेट रकमबाट कार्यक्रम नै संचालन नगरी फ्रिज गरेको छ । बार्षिक रुपमा विनियोजित रकम समयमा र तोकिएको कार्यक्रममा खर्च नगर्दा लक्षित उपलब्धि हाँसिल नहुने हुँदा तोकिए अनुसारको कार्यक्रम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सि.नं | कार्यक्रम | रकम रु. |
|---|---|---|
| १ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | ३३०९००० |
| २ | पोषण सुधारको लागि विपन्न समूदायमा अनुदान | ६००००० |
| ३ | गुनासो सुनुवाइ कार्यक्रम | २००००० |
| ४ | कृषि, पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक | १००००० |
| ५ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास | १४४००० |

७० **क्याम्पसलाई अनुदान**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ज)मा स्थानिय तहले आधारभुत र माध्यमिक विद्यालयको शिक्षा क्षेत्रमा मात्र कार्यगर्न सक्ने उल्लेख छ । पालिकाले दिव्यज्योती बहुमुखी क्याम्पसमा होटेल मेनेजमेण्टको ल्याव स्थापना प्रयोजनको लागि गो.भौ.१५७९।०८१।३।१९ बाट रु.४०००००।-निकासा दिएको पाईयो । यसरी स्थानीय सरकार संचालन ऐनले पालिकाको लागि तोकेको कार्यक्षेत्र भन्दा बाहिर गरेको खर्च रकम नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,००,००० |

७१ **अवकाश शिक्षकलाई पोशाक**

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख व्यवस्था छ । पालिकाले पारित तलबी प्रतिवेदन अनुसारको निकासा विद्यालयमा दिनुपर्नेमा सरस्वती मा.वि. का प्रा.द्धि.शिक्षक भोलानाथ चौधरी २०८०।१२।१४ बाट अनिवार्य अवकास भएकोमा निजको नाममा शैक्षिक सत्र २०८१ को लागि पोशाक बापत गो.भौ.२११।०८०।१२।२१ बाट रु.१००००।- विद्यालयको खातामा निकासा दिएको पाईयो । अतः उक्त बढी निकासा रकम सम्वन्धित विद्यालयबाट असुल गरी संघीय संचितकोष खातामा दाखिला हुनुपर्दछ, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

७२ **औषधी खरिद**

७२.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधार मानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली नियम ८४(१क) अनुसार रु.५० लाख सम्मको औषधिजन्य सामान र मेडिकल उपकरण सिलवन्दी दरभाउपत्रबाट खरिद गर्न सकिने र नियम ३१(१) अनुसार रु.५० लाख भन्दा बढीको औषधिजन्य सामान र मेडिकल उपकरण

वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकालाई यस बर्ष औषधि खरीदको लागि संघिय वजेटतर्फ रु.१२८७०००।– तथा पालिकाबाट रु.३८०००००।–वजेट विनियोजन गरेकोमा सो रकमको एकमुष्ठ लागत अनुमान वनाउँदा विभिन्न तिन फर्मको दररेट लिई सोको आधारमा ११७ औषधीको लागि रु.४९५६४४९।-को लागत अनुमान वनाएको बताएकोमा सो लागत अनुमानमा उल्लेखित प्रकृया पुरा गरेको देखिएन । यसरी पालिकाले उल्लेखित प्रकृया नअपनाई केवल पचास लाख भन्दा बढी लागत अनुमान नहुने गरी मात्रै लागत अनुमान तयार गरेको र सोको आधार नदेखिएकोले खरीद नियमावलीमा उल्लेखित खरीद प्रकृया छल्ने उदेश्यले अभिप्रेरीत भएको देखिन्छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निम्नानुसार छन ।

७२.२ पालिकाले उल्लेखित औषधी खरीदको लागि प्रथम पटक २०८०।५।२९ मा सूचना प्रकाशन गरेकोमा २ वटा फर्मको मात्रै शिलवन्दि दरभाउपत्र परेको जनाई दोस्रो सूचना २०८०।६।१७ मा सूचना प्रकाशन गरेकोमा कुनै फर्मको पनि शिलवन्दी दरभाउपत्र परेको पाईएन । तेस्रो सूचना २०८०।७।१४ मा प्रकाशन गरेकोमा चार फर्मको शिलवन्दी दरभाउपत्र परेकोमा कम कवोल रु.३३८४७८१।०३ (३३.७३% कम) फर्म कर्णजत फर्मास्युटिकल्स, रूपन्देहीसँग २०८०।९।२९ सम्ममा आपूर्ति गर्नेगरी २०८०।८।२६ मा सम्झौता गरेको पाईयो । आपूर्तिकर्ताले सम्झौता अनुसारको सामान तोकिएको समयमा नै आपूर्ति गर्नुपर्नेमा सम्झौता अनुसारको औषधी बजारमा अभाव भएको जनाई सम्झौता भएको ३ दिनमा नै २०८०।१२।१० सम्म म्याद थपको निवेदन दिएको र सोही आधारमा पालिकाले २ महिना १४ दिनको म्याद थप गरेको पाईयो । यस सम्बन्धी अन्य व्यहोरा देहाय बमोजिम पाइयो ।

७२.३

• खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।

• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनि खुलाएको प्रमाण समावेश नभएको ।

• आपूर्ति भएका औषधी एंव सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको प्राविधिकबाट जाँच गरेको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

• औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, पालिका बाट निशुल्क वितरणको लोगो नभएको ।

• औषधी भण्डारण गर्दा सामानको व्याज र म्यादको आधारमा सामान राखी सोही अनुसार ELMIS मा सामान राखेको ठाउ खुल्ने गरी ईन्ट्री नगरेको तथा सामाग्री अव्यवस्थित तरिकाले राखेकोले व्यवस्थित गरी भण्डारण गर्नु पर्ने।

• औषधी निकासाको लागि FIFO Method प्रणाली अपनाएको देखिएन ।

• औषधीको आवश्यक्ता निर्धारण गर्दा विगतको विरामी संख्या, जिल्ला स्वास्थ्य कार्यालय वा नेपाल सरकारको अन्य कार्यालयबाट प्राप्त हुने औषधी सरकारले निशुल्क वितरण गर्ने भनि घोषणा गरेका औषधी, गैर सरकारी संस्थाबाट प्राप्त हुने भएमा सो समेत यकिन गरी तथ्याङ्कको आधारमा मात्र खरिद गर्नु पर्नेमा तथ्यांङ्क वेगर पटके रुपमा खरिद गर्ने, खरिद गरेका औषधी खरिद गरेको छोटो समय मै खर्च देखाउने, पालिकाद्धारा वा सरकारबाट निशुल्क वितरण गर्ने भनि उल्लेख नगर्ने, औषधीको ब्याच नंबर, म्याद समाप्त हुने मिति नखुलाई खरिद र भुक्तानी गरेकोले यस्तो भुक्तानी पारदर्शी र प्रतिस्पर्धी हुने नसकेको ।

• स्टोरमा औषधी भण्डारणको अवस्था तथा मौज्दात हेर्दा खरिद तथा प्राप्त भएअनुसारको औषधी रहेको विश्वस्त हुन सकिने आधार छैन । पालिकाबाट औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको छ । स्वास्थ्य चौकीमा औषधी पुगेपछि केस रजिष्टरको आधारमा औषधी खर्चगरी औषधिको मौज्दात यकिन गर्ने व्यवस्था मिलाउनु पर्दछ । पालिकाबाट औषधी वितरणको अनुगमन समेत गर्नुपर्दछ । तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने

गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने उल्लेख छ । आपूर्ति हुने औषधी डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्नु पर्ने तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनि खुलाएको हुनु पर्दछ । खरिद भएका औषधीहरुको दाखिला गरी माग अनुसार वितरण गर्नु पर्नेमा सबै निकासा जनाएको तर अभिलेख राखेको छैन। पालिकाबाट औषधी खरिद गरेको कुनै पनि विलमा औषधीको ब्याच र म्याद उल्लेख नभएको तथा र स्टोरमा उक्त औषधी सम्बन्धमा यकिन हुन नसकिएकोले औषधी खरिद भएको, रूजु भएको र संस्थामा निकासा भएको अभिलेख, खर्च र मौज्दात विवरण सहित प्रमाण पेश गर्नुपर्दछ ।

तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरुको जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७३ **शहिद स्मृति अस्पतालमा कार्यरत कर्मचारी**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **५९२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७४ **स्वास्थ्य सेवाको कर्मचारी तलव**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **४,५२८,३०२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७५ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा सञ्चालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ । सामाजिक सुरक्षामा यो वर्ष रू.२९६७११७३४.७४ खर्च भएकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:-

(क) एम.आइ.एस प्रणालीमा प्रतिवेदनः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३० मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानिय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। तर कार्यालयको कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन ।अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

(ख) पारदर्शिताः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानिय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ । त्यस्ता विषय सम्बन्धि सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने, स्थानिय तहले भुक्तानी गरेको रकम बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत

सार्वजनिक गर्नुपर्दछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लिखत कार्यहरु भएको पाइएन ।

(ग) भत्ता वितरणको अनुगमनः सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, कार्यपालिकाको प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कार्य गरेको देखिएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३० र ४५ बमोजिम फ्रिज तथा फिर्ता नहुने भनी तोकेको बजेट उपशिर्षक बाहेकको बाँकी बजेट निकासा रकम फिर्ता गर्नु पर्ने व्यवस्था रहेको ।

घ) यस कार्यालयको सामाजिक सुरक्षा तथा संरक्षण तर्फको प्रथम र द्धितिय त्रैमासिक सामाजिक सुरक्षा भत्ता बितरण पश्चात बचत हुन गएको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको एकल खाता कोषमा फिर्ता भएको देखिएता पनि तेस्रो र चौथो किस्ताको सामाजिक सुरक्षा भत्ता बितरण भई बाँकी रहेको बास्तबिक रकम कार्यालयको बिवरणमा एकिन हुन सकेन । आगामी दिनमा कार्यालयले हिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण पश्चात आगामी त्रैमासिकको लागि रकम निकाशा माग गर्दा अघिल्लो त्रैमासिकमा बचत हुन गएको वास्तविक रकम को.ले.नि.का. एकलखाता कोषमा फिर्ता गरेर मात्र निकाशा माग गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

## ७६ म.ले.प.फारामको प्रयोग

भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमणमा खटिने पदाधिकारीहरुको भ्रमण अभिलेख तयार गर्नुपर्ने, भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै कार्यालयले कर्मचारीहरुको भ्रमण स्वीकृत गरी खर्च गर्दा औपचारिक भ्रमण प्रतिवेदन तयार गरी भ्रमण अभिलेख तयार गरेतापनि निम्नानुसारको म.ले.प फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरेको छैन ।

- म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको,
- म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको,
- म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको

अतः कार्यालयले भ्रमण खर्चमा आन्तरिक नियन्त्रण हुने गरी उपरोक्तानुसारका स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नु पर्दछ ।

## ७७ अन्य कार्यालयको खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्वन्धी व्यवस्था रहेको छ । सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका कार्यालयमा कार्य गरेको जनाई उल्लेखित गोश्वारा भौचरबाट रु.१८७७५८३।-भुक्तानी खर्च गरेको छ । कानुनको व्यवस्था अनुरुप अख्तियारी प्रदान गरी खर्च गर्नुपर्नेमा सोझै अन्य कार्यालयको खर्च लेखेको नियमसम्मत नदेखिएको रु

| गो.भौ. | खर्च विवरण | वजेट रकम | खर्च रकम |
|---|---|---|---|
| ३९९, ५५१, १३९६ | नेपाल प्रहरी,ट्राफिक प्रहरी, सशस्त्र प्रहरीलाई कार्यालय व्यवस्थापन सहयोग | ४०००००।- | ३९३०००।- |
| २५८, १०२१, १०२५ | उद्योग वाणिज्य संघ | ५०००००।- | ५०००००।- |
| १६९।०८०।९।२६ | सशस्त्र प्रहरी बल परिसरमा सडक कालोपत्रे | १००००००।- | ९८४५८३।- |
| ३४।०८१।१।२८ | मधुवन सहकारी कोल्डरुम निर्माण ५० प्रतिशत अनुदान | ५०००००।- | ४९५४२६।- |
| | **जम्मा** | **२४०००००।-** | **२३७३००९।-** |

| अनियमित भएको | २३,७३,००९ |
|---|---|

## ७८ खर्चमा मितव्यिता कायम गर्नुपर्ने

७८.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यसरी खर्च लेख्दा आवस्यक्ता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेकोमा देहाय बमोजिम पाईयो:-

भ्रमण खर्च : लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमणमा रू.२३०२०००।÷खर्च भुक्तानी गरेको छ । कार्यालयले भ्रमण खर्चमा मितव्ययीता कायम गर्नुपर्ने देखिन्छ ।

इन्धन खर्च- सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/ पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी गर्नुपर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले यो बर्ष इन्धन खर्च शिर्षकबाट रु.२९८७०००।-खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत अद्यावधिक गरी खर्च मितव्ययि गर्ने तर्फ ध्यान दिनुपर्दछ।

पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन :-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु.३३५३०००।-खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै जानुपर्दछ

सवारी मर्मत र अन्य मूर्मत खर्च - लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस बर्ष सवारी मर्मत शिर्षकबाट रु.१४४२०००।-र मेशिनरी औजार मर्मतमा रु.१२८६०००।-गरी जम्मा रु.२७२८०००।-खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। मर्मत अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन । पालिकाले सो सम्वन्धमा ध्यान दनुपर्दछ ।

कन्टिन्जेन्सी खर्च अभिलेख : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन। जसले गर्दा कुन कुन योजनामा कति खर्च गरेको छ यकिन गर्न सकिएन । नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ ।

७८.२ सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुलेसमेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च

गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शिषर्कमा यस वर्ष पालिका तर्फ रु.३९९३०००।-र वडाहरूतर्फ रु.८९८८०००।-गरी जम्मा रु.१२९८१०००।-खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पालिकाले वडाको नाममा वजेट विनियोजन गरी पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। यसरी सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नुपर्नेमा खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी नगराई वडा वजेटको रकम रु.८९८८०००।-सोझै खर्च गरेकोले नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ८९,८८,००० |

७९ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ । पालिकाले देहायको संस्था तथा फर्महरूलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.७०००।-फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| **क्र.सं** | **गो.भौ.** | **फर्म।संस्था** | **कार्य विवरण** | **म्याद नाघेको पेश्की** |
|---|---|---|---|---|
| १ | १६७६।०८१।३।२८ | रेशम कार्की | अनुगमन, मूल्यांकन खर्च | ७०००।- |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **६७५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **५४७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **४४०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ७,००० |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | शहिद स्मृति अस्पतालस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले कर्मचारी समायोजन भए पश्चात स्थानिय तहको वडाको संरचना समेतको आधारमा अत्यावश्यक कामको लागि आवश्यक पर्ने स्थायी प्रकृतिको तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । यस्तो कर्मचारी आवश्यकताको आधारमा स्थायी दरवन्दिमा राख्न सकिने तथा अस्थायी दरवन्दि कायम गर्न नपाईने जनाएको छ । पालिकाले अत्यावश्यक कामको लागि आवश्यक पर्ने (बर्थिङ्ग) जनाई अस्थायी कर्मचारी राखेको मध्ये २(दुई) जना अ.न.मी.लाई विगत ६ बर्षदेखि नै शहिद स्मृति अस्पतालमा कार्यरत रहने गरी काजमा खटाई यस बर्ष तलव भत्तामा रु.५९२०००।–खर्च गरेको पाईयो । यसरी पालिका अन्तर्गत नरहेको तथा नाफामूलक रहेको उक्त अस्पतालमा बर्थिङ कर्मचारी खटाई व्यहोरेको खर्च रकम नियमसम्मत नदेखिएको, रु. | ५,९२,००० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बर्दघाट नगरपालिका, नवलपरासी , बर्दघाट नगरपालिका , नवलपरासी बर्दघाट सुस्ता पश्चिम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | कृष्ण प्रसाद सापकोटा | २०७९-५-१४ | २०८०-५-४ |
| कार्यालय प्रमुख | प्रकाश खनाल | २०८०-५-४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | विष्णु लाल पुरी | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६,०६२,८१० | २७,१९७,१७५ | २२,०९१,५८१ | ० | ० | १,६६९,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ५७,०२०,५६६ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २४,६५७,३२६ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ५९२,००० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ३२,९५५,२४० |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १७५०३८३४९.०९ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ७६२९११२९०.९ | चालु खर्च | ८०५२१२१८६.६३ |
| प्रदेश सरकारबाट अनुदान | ४११६६३२५ | पूँजीगत खर्च | २८५८१०९०८ |
| राजश्व बाँडफाँट | १७६२५३५०६.०४ | वित्तीय/अन्य व्यवस्था | २६५३७८९.८५ |
| आन्तरिक आय | ७९८११११४.६ | | |
| अन्य आय | ०.० | | |
| कुल आय | १०६०१४२२३६.५४ | कुल खर्च | १०९३६७६८८४.४८ |
| बाँकी मौज्दात | | १४१५०३७०१.१५ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।